## मानव अधिकार परिषद् कार्यविवरण ५/१ अन्तर्गत अनुक्रमणिकाको पाराग्राफ १५ (क) बमोजिम प्रस्तुत गरिएको राष्ट्रिय प्रतिवेदन

### भूटान

### १. परिचय

१. अनेकौं शताब्दीसम्म धार्मिक शासन र एक शताब्दीसम्म राजाहरूको साशनपछि, सन् २००८ मा भूटान शान्तिपूर्ण तरिकारले संसदीय प्रजातन्त्र प्रणालीमा परिवर्तन भएको छ। सन् २००७ र सन् २००८ मा विधानसभाका लागि निर्वाचन भएको थियो भने सन् २००८ को अप्रेल महिनादेखि निर्वाचित सरकारले सत्ता समालेको छ। इतिहासमा पहिलोपटक, जूलाई १८, २००९ का दिन भूटानले लिखित संविधान अङ्गीकार गरेको छ। यस प्रकारका सकारात्मक र राजनैतिक परिवर्तनका पृष्ठभूमिमा, यो प्रतिवेदनको मुख्य आसय सही र उचित तरिकाका साथ देशले संवैधानिक राजतन्त्र प्रणालीमा गरेको प्रवेशलाई प्रकाश पार्नु रहेको छ।

२. सन्सारको सबैभन्दा महत्वपूर्ण नयाँ प्रजातान्त्रिक देशको रूपमा, भूटानले सिकेका पाठ र मूल्यहरूलाई प्रकाश पार्नु यो प्रतिवेदनको अर्को महत्वपूर्ण विषय रहेको छ। पहिलो पटक निर्वाचित सरकारले भूटानी समाजका लागि ऐतिहासिक, सांस्कृतिक र राजनैतिक दृष्टिले उचित र समयसापेक्ष हुने सुदृढ प्रजातान्त्रिक प्रणालीको स्थापना गर्ने बारम्बार घोषणा गरेको छ।

३. प्रतिवेदनको अर्को महत्वपूर्ण आसय, विगत चारदशकदेखि भूटानमा अभ्यास गर्दै आइएको अनौठो विकास गतिविधिमाथि प्रकाश पार्नु रहेको छ। यो प्रतिवदेनले कूल राष्ट्रिय खुशियाली सम्बन्धी सिद्धान्तले देशको सर्वाङ्गीण विकासमा पारेको प्रकाशलाई स्पष्ट पार्नेछ, साथै, प्रतिवेदनले मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा स्वास्थ्य, शिक्षा र गरीबी उन्मूलनले खेलेको अहं भूमिकामाथि पनि प्रकाश पार्नेछ।

४. भूटान र मानव अधिकार यान्त्रीकीबीच गहिरो एक–आपसी सामञ्जस्य रहिआएको छ जसमाथि यो प्रतिवेदनमा विस्तृत वर्णन गरिएको छ।

५. प्रतिवेदनको सुरूवात देशको संक्षिप्त पृष्टभूमिका माध्यमबाट गरिने छ। पाठकहरूलाई भू–परिवेष्ठित र अल्प विकसित देश, भूटानले जुन परिस्थितिमा चुनौतिहरूको सामना गर्दै अघि बढ्यो, सो विषयमाथि पनि  राम्ररी जानकारी दिने प्रयत्न गरिने छ।

## २. कार्यप्रणाली र परामर्श

६. विश्वव्यापी प्रारम्भिक मूल्याङ्कन (यूपीआर) को तयारीका लागि साधारण मार्गदर्शन दस्ताबेज ए/एचआरसी/६/एल.२४ बमोजिम सरकार र नागरिक समाजका संस्थानहरू (सीएसओएस) जस्ता सम्बन्धित स्टेकहोल्डहरू (Stakeholders) को पूर्ण सम्लग्नतासाथ यो प्रतिवेदन तयार पारिएको छ। विदेश मन्त्रालयको संयोजनमा एउटा तयारी समिति (पीसी) को गठन गरिएको थियो भने पीसी सदस्यहरूबीचबाट मस्यौदा समिति गठन गरिएको थियो। साथै विदेश मन्त्रालयले पीसी सदस्य र सम्बन्धित सरकारी अधिकारीहरूलाई यूपीआरमाथि विस्तृत जानकारी दिएको थियो। यसका सिद्धान्त र लक्ष्यहरू, मूल्याङ्कनको सार, सार अङ्गीकरण, अनुसरण प्रक्रिया र भूटानको तयारी लगायत यूपीआर प्रक्रियाका सबै पहलुहरूमाथि सदस्यहरूलाई जानकारी दिने काम गरिएको थियो।

७. यूपीआरको वेभसाइट र विदेश मन्त्रालयको वेभसाइटः www.mfa.gov.bt मा यूपीआर र मस्यौदा राष्ट्रिय प्रतिवेदनमाथि विस्तृत जनचेतना र सूचना उपलब्ध गराइएको छ। साथै, मुद्रित र सञ्चार साधनहरू मार्फत मानव अधिकार परिषद् एवं मानव अधिकारका लागि उच्च आयोगको कार्यालय तथा यूपीआरका सम्बन्धमा सूचनाहरू उपलब्ध गराइएको छ। सबै स्टोकहोल्डरका लागि अलग्गै जानकारी दिएपछि यो प्रतिवेदन सबै सरकारी, गैर–सरकारी र भूटानमा अवस्थित यूएन एजेन्सीहरूबीच उनीहरूको प्रतिक्रिया बुझ्नका लागि वितरण गरिएको थियो र उनीहरूको प्रतिक्रिया पनि यो प्रतिवेदनमा समाविष्ट गरिएको छ।

## ३. भूटानको पृष्ठभूमिका बारेमा सूचनाहरू

### क) परिदृश्य

८. भू–परिवेष्ठित र अल्पविकसित भूटान पूर्वी हिमालयमा अवस्थित छ। पूर्व, दक्षिण र पश्चिममा भूटानको सीमा भारतसित जोडिएको छ भने उत्तरमा चीनसित जोडिएको छ। १७औं शताब्दीमा शाब्डुङ नवाङ नाम्गेल (भूटानका पहिला लामा शासक) ले भूटानलाई एकीकरण गर्नु भएको थियो। उहाँले भूटानमा दुई प्रकारको सत्ता प्रणाली स्थापना गर्नु भएबाट धर्मनिरपेक्ष र धार्मिक नेताबीच सत्ताको बँटबारा भएको थियो। सन् १९०७ मा उगेन वाङचुकलाई प्रथम महाराजाको रूपमा चयन गरिएपछि भूटानमा राजतन्त्रको स्थापना भएको थियो। सन् २००८ मा भूटानले शान्तिपूर्ण रूपमा संवैधानिक राजतन्त्र प्रणालीमा प्रवेश गरेको छ।

### ख) संविधान

९. भूटानको संविधानमा अनेकौं विशेषताका साथै जम्मा ३५ वटा अनुच्छेदहरू समावेश छन्। यी अनुच्छेदहरूमा श्रीपाँचको सेवाबाट मुक्ति (६५ वर्ष) को आयुसीमा, सरकारले कुनै हालतमा पनि भूभागको (६० प्रतिशत्) भागलाई वनको रूपमा संरक्षण गर्नुपर्ने आदि जस्ता महत्वपूर्ण विषयहरू

समावेश छन्। संविधानमा समावेश गरिएका अरू महत्वपूर्ण विशेषतामा नागरिकको मौलिक अधिकार र नागरिक कर्तव्यको व्याख्या पर्दछन्।

**ग) सरकार**

१०. निवार्चित प्रधानमन्त्री र मन्त्री परिषद्को हातमा पाँचवर्षका लागि कार्यपालिका सम्बन्धी अधिकार रहन्छ।

घ) वैधानिक प्रणाली

११. संविधान अधिराज्यको सबैभन्दा ठूलो कानून हो। बुद्धधर्ममा आधारित शाब्डुङ नवाङ नाम्गेलको आचार संहिताले भूटानको न्याय प्रणालीलाई आधारशीला उपलब्ध गराएको छ। अनुचित अथवा मनमानी तरिकाले कुनै पनि मानिसले उसको अधिकारबाट ठगिनु नपरोस् भन्ने कुरा यो प्रणालीले निश्चित गरेको छ। भूटानी संबैधानिक प्रणालीका मौलिक सिद्धान्तमा प्रक्रियात्मक औचित्यता र शाक्तिको बाटछाँट जस्ता महत्वपूर्ण बूँदाहरू समावेश गरिएका छन्। न्यायप्रणालीलाई सरकारका अरू निकायहरूबाट स्वतन्त्र राखिएको छ र न्यायपालिका बाहिरको कुनै पनि निकायले न्यायप्रणालीको निर्णयमा दखल दिन सक्तैन।

१२. न्यायपालिका भित्र सर्वोच्च न्यायालयमा उच्च न्यायालय, जिल्ला न्यायालय र उप-जिल्ला न्यायालयका साथसाथै राष्ट्रिय न्यायपालिका आयोगको सिफारिसमा श्रीपाँचबाट समय-समयमा स्थापना गरिन सकिने अरू पनि यस्तै प्रकारका न्यायालय र न्यायालय सम्बन्धी संस्थाहरू पर्दछन्। सर्वोच्च न्यायालयको निर्माण सम्बन्धी काम धमाधम चल्दैछ। प्रत्येक न्यायालयको कार्यक्षेत्रलाई भूटानको न्यायिक र आपराधिक आचार संहिता (सीसीपीसी) अन्तर्गत भिन्नभिन्न अधिकार दिइएको छ। संबिधानको दशौं परिच्छेदको धारा २५औं अनुसार-संबिधानसंग असम्बद्ध हुँदैनन् भने सरकारद्वारा स्वीकृत अथवा संसद्द्वारा पारित सम्पूर्ण अन्तर्राष्ट्रिय नियमहरू भूटान अधिराज्यका कानून हुनसक्नेछन्। सीसीपीसीले के कुरा पनि स्वीकार गर्दछ भने सरकारद्वारा स्वीकृत र संसद्द्वारा पारित कुनै पनि अन्तर्राष्ट्रिय सम्झौता, प्रतिज्ञापत्र, सन्धी र शिष्टाचार-हरूलाई लागू गर्न सकिनेछ।

१३. भूटानको संविधानमा मानव अधिकार सुरक्षाका लागि ढाचा समावेश गरिएको छ। त्यसैगरेर, संसद् अधिनियम न्यायालयका निर्णयहरू अथवा न्याय संहिताका साथै रीतिरीवाज र परम्पराहरूमा पनि मानव अधिकार सुरक्षा नियमहरू समाविष्ट छन्।

**ङ) आधिकारिक भाषा**

१४. जोङ्खा राष्ट्रिय भाषा हो भने अंग्रेजी चाँहि विद्यालयमा पठनपाठनको माध्यम र सरकारी कार्यालयहरूमा बोलचालको भाषा हो।

**च) भूक्षेत्र र भूगोल**

१५. भूटानको कूल क्षेत्रफल ३८,३९४ किलो मिटर छ भने यो मध्ये ७२.५ प्रतिशत् क्षेत्रफल वनले ढाकेको छ। दक्षिणको भूभागदेखि लिएर उत्तरका चट्टानी हिमालयहरूसम्मको क्षेत्र भीर र पाखाले ढाकिएको छ।

**छ) जनसंख्या**

१६. भूटानले (सन् २००५ मा सञ्चालन गरेको जनसंख्या तथा आवास जनगणना) अनुसार–सन् २००८ मा भूटानको कूल जनसंख्या ६५८.८८८ छ भने यो जनसंख्याको धेरैजसो भाग ग्रामीण इलाकामा बसोबास गर्दछ। भूटानको जनसंख्यालाई विशेषगरी दुइभागमा बाँड्न सकिन्छः उत्तर, पश्चिम र पूर्वी भागमा बसोबास गर्ने मानिसहरूले तिब्बति–बर्मेली मूलको भाषा बोल्ने र बुद्धधर्मलाई मान्ने गर्दछन् भने दक्षिणमा बसोबास गर्नेहरूले नेपाली भाषा बोल्दछन् र हिन्दूधर्म मान्ने गर्दछन्।

**ज) कूल घरेलू उत्पादन**

१७. सन् २००६ मा अमेरिकी डलर १.३ विलियन (विश्व बैंक)

**झ) मानव विकास तालिका**

१८. सन् २००८ को मानव विकास तालिका अनुसार, भूटान १३१वौं स्थानमा आउँछ। यो देश मध्यस्तरीय मानव विकासका श्रेणीमा आउँछ।

**ञ) राजनैतिक सुधार र संबैधानिक ढाचा**

अ) राजनैतिक संस्थाहरूको विषयमा संक्षिप्त जानकारी

१९. सन् १९०७ मा राजसंस्थाको स्थापना भएयसो, मुख्यरूपले राजनैतिक सुधारहरू गरिँदै आइएका छन्। सन् १९५३ मा राष्ट्रिय संसद्को स्थापना गरेर तेस्रा महाराजाधिराजबाट सबैभन्दा मुख्य सुधारको सूत्रपात गरिबक्सियो। राष्ट्रिय संसद्मा जनताद्वारा निर्वाचित जनप्रतिनिधि, सरकारी कर्मचारीहरू र लामा संस्थाका प्रतिनिधिहरू समावेश गरिएका थिए। सन् १९७२ मा चौथा महाराजाधिराजबाट राजसिंहासनमा आरोहण गरिबक्सिएपछि विकेन्द्रीकरण र प्रजातान्त्री–करण जस्ता प्रक्रियाहरूले गति लिनथाले। चौथा महाराजाले आफ्नो ३४ वर्षे कार्यकालमा सन् २००८ को संसदीय प्रजातन्त्रको सुरूवातका लागि आवश्यक पर्ने राजनैतिक तथा सार्वजनिक संस्थाहरूको स्थापनामा लगाउनुभयो।

**आ) कार्यकारी शक्तिको हस्तान्तरण**

२०. सन् १९९८ मा श्रीपाँचबाट मन्त्रीगणलाई पाँचवर्षका लागि पूर्णकार्यकारी अधिकार हस्तान्तरण गर्ने काम गरिबक्सिएको थियो। यी मन्त्रीहरू पाँचवर्षका लागि जनप्रतिनिधिहरूबाट निर्वाचित हुने

गर्दथे। यो प्रणाली अन्तर्गत प्रधानमन्त्री सरकार प्रमुख हुने गर्दथे र उनीहरूले पाएको मतदानका आधारमा पालोपिलोसाथ एकवर्षसम्मका लागि प्रधानमन्त्री हुने गर्दथे।

### इ) संबिधान मस्यौदा

२१. सन् २००१ को सितम्बर महिनामा चौथा महाराजाबाट भूटानका लागि उपयुक्त हुने खालको संबिधान तयार गर्नका लागि एउटा राजपत्र जारिगरिबक्सियो। प्रत्येक जिल्लाका जनताबाट निर्वाचित जनप्रतिनिधिहरू, सरकारी अधिकारीहरू, प्रतिनिधि, न्यायपालिका र धार्मिक संगठनका प्रतिनिधिहरू गरी जम्मा ३९ जना प्रतिनिधिहरूको समितिले संबिधान तयार गर्ने काम सुरू गऱ्यो। सन् २००५ को मार्च महिनामा सो समितिले जनताका लागि संबिधानको पहिलो मस्यौदा सार्वजनिक गऱ्यो।

२२. जतिसक्तो जनसहभागिता प्राप्तगर्न सकियोस् भन्ने मनासयले जनसम्पर्क भन्दा धेरै पहिले संबिधान मस्यौदाका प्रतिहरू अधिराज्यका जनतालाई बाँडिएका थिए। साथसाथै, मस्यौदालाई अनलाईनमा लगाउने काम पनि गरिएको थियो र कठिन शब्दको व्याख्या गर्ने काम पनि गरिएको थियो। साथै, देशभित्र अथवा बाहिरको कुनै पनि व्यक्तिले सो मस्यौदाका विषयमा आलोचना अथवा प्रत्यालोचना गर्न चाहन्छ भने उसले सिधै मस्यौदा समितिलाई प्रत्युत्तर पठाओस् भन्ने मनासय पनि राखिएको थियो। चौथा महाराजाबाट थिम्फूमा मस्यौदा संबिधानको पहिलो जनपरामर्श बैठक उद्घाटन गरिबक्सिएको थियो। यो जनपरामर्श एउटा खुला प्रक्रिया थियो र यसमा प्रत्येक अनुच्छेदका विषयमा खुला छलफल भएको थियो। सो अवसरमा मस्यौदा समितिका सदस्यहरू पनि उपस्थित थिए। मस्यौदाका प्रत्येक पहलुहरूका विषयमा दृष्टिकोण एकत्र गर्ने काम पनि गरिएको थियो। उक्त कार्यका लागि चौथा महाराजाबाट सातवटा जिल्लाको भ्रमण गरिबक्सिएको थियो भने त्यतिबेलाका युवराज, पाँचौ महाराजाबाट अरू १३ वटा जिल्लाको भ्रमण गरिबक्सिएको थियो। सन् २००६ को २७ मईका दिन जनपरामर्श बैठक समाप्त भएको थियो।

### ई) राजनैतिक दलहरूको गठन

२३. भूटानको सबैभन्दा पहिलो राजनैतिक दल, पिपल्स डेमोक्रेटिक पाटीको गठन पूर्ण उत्साह तथा उमङ्गसाथ भएपछि अचानक राजनैतिक प्रक्रियामा एउटा चिन्ताजनक सुस्ति आयो। राजसिंहासन र चुनाव आयोगले प्रोत्साहन दिएपनि धेरैकम मानिसले मात्र राजनैतिक दलहरू गठन गर्ने विषयमा चासो देखाएका थिए। औपचारिक पञ्जीकरण समाप्त हुनुभन्दा चार महिना पहिले अर्थात् सन् २००७ को मार्च महिनासम्ममा केवल दुइवटा पाटीहरू मात्र सक्रियरूपमा देखा परेका थिए। त्यतिबेलाको मन्त्री परिषद्का दशजना मन्त्रीहरूमा सातजनाले राजनैतिक दलहरूमा प्रवेश गर्नका लागि राजीनामा दिएपछि यो प्रक्रियामा उत्साह देखा परेको थियो। आन्तरिक परामर्शपछि पिपल्स डेमोक्रेटिक पाटी (पीडीपी) र डुक फ्युन्सुम छोक्पा (डीपीटी) जस्ता दुइवटा राजनैतिक दलहरू मात्र सन् २००८ को निर्वाचनमा भाग लिन अगाडी बढेका थिए।

२४. संसदीय चुनावको तयारीको दौरान दुइपटकसम्म आभ्यासिक चुनावको आयोजना गरिएको थियो। सन् २००७ को अप्रेल २१ का दिन प्राथमिक स्तरको आभ्यासिक चुनावको आयोजना गरिएको थियो भने यसमा ५०.९ मतदाताहरूले भाग लिएका थिए। त्यसैगरी, सन् २००७ को मई २८ का दिन आयोजना गरिएको दोस्रो चरणको चुनावमा ५७.१७ प्रतिशत् मतदाताहरूले मतदान गरेका थिए।

### उ. निर्वाचन

२५. सन् २००७ को दिसम्बर ३१ र सन् २००८ को जनवरी २९ का दिन २० वटा जिल्लामा आयोजना गरिएको उच्च सदनको निर्वाचनमा राष्ट्रिय परिषद्का २० जना सदस्यहरू निर्वाचित भएका थिए। यसमा ४८.५ प्रतिशत् मतदाताहरूले मतदान गरेका थिए। सन् २००९ को मार्च ३० का दिन श्रीपाँचबाट पाँचजना प्रतिष्ठित व्यक्तिहरूलाई मनोनयन गरिबक्सिएपछि राष्ट्रिय परिषद्को गठन सम्बन्धी काम समाप्त भएको थियो। राष्ट्रिय परिषद् एउटा त्यस्तो गैर-राजनैतिक संस्था हो जसले संबैधानिक र पुनर्मूल्याङ्कन सम्बन्धी काम गर्दछ।

२६. सन् २००८ को मार्च २४ का दिन सबै ४७ वटै निर्वाचन क्षेत्रमा राष्ट्रिय संसद्को निर्वाचन सुसम्पन्न गरिएको थियो। यसमा जम्मा ७९.४ प्रतिशत् मतदाताले मतदान गरेका थिए। यो निर्वाचनमा दुइवटा दलको मात्र सहभागीता रहेको हुँदा, सिधैं अन्तिम चरणको निर्वाचन गरिएको थियो। प्राथमिक तहको निर्वाचन गर्नुपर्ने हुन्थ्यो तर दुइवटा पाटी मात्र भएकाले त्यसो गरिएन। यो चुनावमा ५२ जना राष्ट्रिय पर्यवेक्षकहरूले पर्यवेक्षण गरेका थिए भने ४२ जना अन्तर्राष्ट्रिय पर्यवेक्षक र १२४ जना समाचार माध्यमका पत्रकारहरूले ७४ वटा अन्तर्राष्ट्रिय समाचार माध्यमहरूको प्रतिनिधित्व गरेको थिए। पर्यवेक्षकहरूको अनुसार-यो निर्वाचनले अन्तर्राष्ट्रियस्तर परिपूर्ति गरेको थियो। उनीहरूले सरकारद्वारा सुचारू रूपले सञ्चालन गरिएको यो निर्वाचनप्रति प्रशंसा जाहेर गरेका थिए।

### ऊ. पहिलो पटक निर्वाचित सरकारको गठन

२७. डीपीटीले राष्ट्रिय संसद्का ४७ सीटमध्ये ४५ वटा सीट जितेर अभूतपूर्व सफलता हासिल गरेको छ। पीडीपीले दुइवटा सीट जितेर विपक्षमा देखा पर्‍यो। सन् २००८ को अप्रेल महिनामा मन्त्री परिषद्को स्थापना गरियो। समानता र व्यापक धरातलको आधारमा डीपीटीको निर्वाचन गरिएको थियो।

### ए. संबिधान अङ्गीकरण

२८. सन् २००८ को १८ जूलाईका दिन बसेको पहिलो अधिवेशनले संबिधान पारित गरेको थियो। त्यसपछि, भूटान औपचारिक रूपले प्रजातान्त्रिक संबैधानिक राजतन्त्रात्मक देश भएको छ।

## ऐ. संसदीय प्रजातन्त्रका अनुभव र चुनौतिहरू

२९. नयाँ सरकार प्रजातन्त्रका मूल्य र संस्कृतिको ऐतिहासिक जिम्मेबारीका विषयमा पूर्णरूपले सचेत छ। यो सरकार प्रजातन्त्रलाई अपरीवर्तनीय बनाउन चाहन्छ। सरकार नीति निर्धारणका सम्पूर्णस्तरका साथै जनसचेतता प्रबर्द्धन गर्न र यसलाई सक्रिय राख्नका लागि संधै प्रयत्नरत छ। सरकार विपक्षमा दुइजना मात्र प्रतिनिधिरू भएपनि संसद्मा दरिलो विपक्ष हुनुपर्ने विषयमा पक्षधर रहँदै आएको छ। यो परिप्रेक्ष्यमा, विपक्षका दुइजना प्रतिनिधिहरूले कूल मतदानको ३३ प्रतिशत्को प्रतिनिधित्व गरेका हुँदा, उनीहरूको दृष्टिकोण र विचार–विमर्शलाई पूर्णमान्यता दिंदै आइएको छ। सत्तामा रहेको दलको सिद्धान्त जस्तोसुकै भएपनि, यसले आफ्ना प्रतिनिधिहरूलाई कुनै पनि विषयमा खुल्लारूपमा विचारहरू पोख्न प्रोत्साहन दिंदै आएको छ। अर्को एउटा सकारात्मक विकास के रहेको छ भने, हाम्रो विपक्षी दल सानो भएको सन्दर्भमा, राष्ट्रिय परिषद्ले सदनको सजग र सक्रिय मूल्याङ्कनकर्ताको रूपमा काम गरेर राष्ट्रिय संसद्ले पारित गरेका अनेकौं नियमहरूको संबैधानिकताका विषयमा प्रश्न गर्दै आएको छ। नयाँ प्रजातन्त्र अन्तर्गत समाचार माध्यमहरूले महत्वपूर्ण भूमिका निर्वाहन गर्नसकून् भन्ने ध्येयले सरकार सञ्चार माध्यमहरूलाई सशक्त बनाउन चाहन्छ। प्रधानमन्त्रीले पटक–पटक उहाँको सरकार पारदर्शी र निष्पक्ष हुने प्रतिज्ञा गरी यसले समाचार माध्यमको पर्यवेक्षकको भूमिकालाई मान्यता मात्र नदिई उनीहरूलाई जतिसक्तो बढी परिपक्व हुने समय र अवसर पनि उपलब्ध गराउनुपर्ने बताउनु भएको छ।

३०. नयाँ प्रणालीमा धेरै समस्याहरूको समाधान गर्नुपर्ने हुन्छ। संसद्का दुइवटा सदनहरूबीच केही विषयमाथि उनीहरूको भूमिका र उत्तरदायित्वहरूलाई स्पष्ट पार्न अनिवार्य छ। यी विषयहरूमा वित्तीय बिल र मन्त्री परिषद्का केही निर्णयहरूलाई पारित गर्नुपर्ने जस्ता कुराहरू पनि परिषद्का अधिकार क्षेत्रभित्र आउँछन्। यसैबीच, भूटानका विकास सहयोगीहरूबाट प्रजातन्त्रको सुदृढीकरणका लागि प्राप्त सहायता उल्लेखनीय छ। नयाँ संसद्का कर्मचारीहरू र संसद् सदस्यहरूले उनीहरूका समकक्षीहरूका साथमा अन्तःक्रियाका लागि अनेकौं देशहरूको अध्ययन भ्रमण गरेर अनुभव बटुलेका छन्। संसद् सदस्यहरूले कम्तिको पनि स्नातकसम्म अध्ययन गर्नुपर्ने प्रावधान राखिएको हुँदा, संसद्मा छलफल चल्दा जस्तो प्रकारले गुणस्तरमा सुधार आउँदै जाँदैछ, त्यो देख्ता यदाकदा आउने पर्यवेक्षकहरूले प्रशंसा गर्दैछन्। भूटानको स्पन्दनशील र गतिशील प्रजातन्त्रका लागि यी सम्पूर्ण विकासहरूले सकारात्मक विकास हुने संकेत दिएका छन्।

## ४. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धता

३१. भूटानले सन् १९८० को जूलाई १७ का दिन “महिला बिरूद्ध हुने सम्पूर्ण प्रकारका पक्षपातहरू” (सीईडीएडब्लू) उन्मूलन सम्बन्धी सन्धिमाथि हस्ताक्षर गरेको छ भने सन् १९८१, अगस्त ३१ का दिन त्यसलाई लागू गर्ने काम पनि गरेको छ। सन् २००३ को जनवरीमा

सीईडीएडब्लू समिति समक्ष भूटानले ६ वटा प्रतिवेदनहरूको माध्यमबाट प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेको छ भने सन् २००४ को जनवरीमा बसेको ३०औं अधिवेशनको दौरान समितिले सो प्रतिवेदनमाथि अनुमोदन गरिसकेको छ। सन् २००७ को सितम्बर महिनामा भूटानले यसको सातौं प्रतिवेदन प्रस्तुत गरेपछि सन् २००९ को जूलाई २३ का दिन बसेको ४४औं अधिवेशनमा समितिले त्यसलाई अनुमोदन गरिसकेको छ।

३२. सन् १९९० मा भूटानले बाल-अधिकारमाथिको संझौतामाथि अनुमोदन गरेको छ। साथै, भूटानले बालबालिकाको बेचबिखन, बालबालिकालाई वेश्यावृत्तिमा नलगाउने र बाल-अश्लीलताका साथै सशस्त्र संघर्षमा बालबालिकाको नियुक्ति जस्ता दुइवटा ऐच्छिक शिष्टाचारलाई पनि अनुमोदन गरेको छ। भूटानले सन् १९९९ को फरवरी महिनामा सीआरसी समिति समक्ष प्रारम्भिक प्रतिवेदन प्रस्तुत गऱ्यो भने समितिले सन् २००१, जून पाँचका दिन बसेको यसको ७१५ र ७१६औं बैठकमा सो प्रतिवेदनमाथि विचार विमर्श गरी निष्कर्ष टिका-टिप्पणीहरूलाई स्वीकार गरेको छ। यसैगरी, भूटानले यसको दोस्रो प्रतिवेदन सन् २००७ को मार्च महिनामा प्रस्तुत गरेको थियो भने सो प्रतिवेदनलाई समितिले सन् २००८, सितम्बर महिनामा सम्पन्न ४९औं अधिवेशनमा विचार विमर्श गरेको थियो।

३३. भूटानले सन् १९७३ को मार्च महिनामा सम्पूर्ण प्रकारका अन्तर्राष्ट्रिय जातीय पक्षपात (आईसीईआरडी) उन्मूलनमाथिको सम्झौतामा पनि हस्ताक्षर गरेको छ।

३४. भूटान दक्षिणा एसियाली क्षेत्रीय सहयोग संगठन (दक्षेस) को सक्रिय सदस्य रहिआएको छ। सन् २०१० मा भूटानले १६औं दक्षेस शिखर सम्मेलनको आयोजना गर्दैछ। दक्षेस अन्तर्गत भूटानले दक्षिण एसियामा बालकल्याण प्रबर्द्धनको क्षेत्रीय प्रबन्धमाथिको सम्झौतालाई अनुमोदन गरेको छ। यस्तैगरी, भूटानले सन् २००३ को सितम्बर महिनामा बेश्यावृतिका लागि बालबालिका र महिलाको कालाबजारीबाट सुरक्षा र संघर्ष सम्बन्धी सम्झौता, स्तनपान सम्बन्धी आचार संहिता र बालबालिका पौष्टिकतामाथि पनि हस्ताक्षर गरेको छ। यी कुराहरूले बालबालिका र महिलाको अधिकारमाथि भूटानले जाहेर गरेका प्रतिबद्धतलाई स्पष्ट पार्दछन्। अरूअघि, सन् २००४ को जनवरी महिनामा भूटानले दक्षेस सामाजिक चार्टरमाथि पनि हस्ताक्षर गरेको छ। यसले अरू विषयका साथसाथै, महिलाहरूको स्थितिको प्रबर्द्धन र बालबालिकाको अधिकार र कल्याणको प्रबर्द्धनमा सहयोग पुऱ्याएको छ।

३५. भूटान बेजिङ घोषणा र सन् २००१ मा आयोजना गरिएको बालबालिकाको लैङ्गिक शोषणका बिरूद्ध आयोजित दोस्रो विश्व कंग्रेसको योकोहामा विश्व प्रतिबद्धताको सदस्य पनि रहेको छ।

## ५. मानव अधिकारको प्रबर्द्धन र सुरक्षा

### अ. संबिधान

३६. भूटानको संबिधानले प्रत्येक नागरिकका मानव अधिकारको सुरक्षाको प्रत्याभूति दिन्छ र यी अधिकारहरूको उल्लंघन भएको खण्डमा संबिधानले शीघ्र र प्रभावकारी उपचार उपलब्ध गराउँछ। संबिधानको अनुच्छेद ७ ले जीवनको सुरक्षाका साथै मानव अधिकारको प्रत्याभूति र सुरक्षा निश्चित गर्दछ। यसले व्यक्तिको स्वतन्त्रता र सुरक्षाका साथै वाक्, अभिव्यक्ति र मत एवं विचार तथा चेतना र धर्मको स्वतन्त्रता सम्बन्धी प्रत्याभूति दिन्छ। कानूनका अतिरिक्त, अरू कसैले पनि मानव अधिकारको कटौति गर्न सक्तैन। संबिधानको अनुच्छेद ९ को धारा ३, ५ र ६ ले राज्यलाई नागरिक समाजको निर्माण गर्ने दायित्व दिनुका साथै मानव अधिकार र प्रतिष्ठाको सुरक्षा गर्ने, नागरिकको मौलिक अधिकार एवं स्वतन्त्रता निश्चित गर्ने, जनस्वतन्त्रताका साथै उचित, पारदर्शी र शीघ्रगामी तरिकाबाट न्याय दिने अनि बैधानिक सहायता प्रदान गराउने पनि दायित्व दिएको छ।

### आ. कूल राष्ट्रिय खुशियाली

३७. भूटानका विकास सम्बन्धी सिद्धान्तको पथप्रदर्शकका रूपमा रहेको कूल राष्ट्रिय खुशियालीको सूत्रपात सन् १९७४ मा चौथा महाराजाबाट गरिबक्सिएको छ। यसले भूटानी समाजमा मानव अधिकारको सुरक्षा, प्रबर्द्धन र एकीकरणका लागि आधार उपलब्ध गराउँछ। यो सिद्धान्तले सम्पूर्ण मानव जातिलाई समानताको दृष्टिकोणले हेर्नुपर्ने प्रतिबद्धता पनि जाहेर गर्दछ। यो सिद्धान्तले अरू प्राणीहरूका साथमा हाम्रो अन्तः सम्बन्ध र अधिकार एवं जिम्मेबारीहरूले मानव आचरणलाई पथप्रदर्शित गरेको छ। यसले संबिधानमा कूल राष्ट्रिय खुशियाली प्राप्त गर्न सक्षम बनाउने शर्तहरूको प्रबर्द्धनका लागि आवश्यक जनादेश पनि उपलब्ध गराउँछ।

३८. सारांशमा भन्ने हो भने, कूल राष्ट्रिय खुशियालीले परम्परात्मक आयस्तामा आधारित उपायहरूदेखि भिन्नै बैकल्पिक उपायहरूको सृजना गरेर जनताले पूर्णक्षमताका माध्यमद्वारा जतिसक्तो खुशियाली प्राप्त गर्न सकून् भन्नका लागि एउटा उपयुक्त वातावरण सृजना गर्न गर्दछ। कूल राष्ट्रिय खुशियाली सम्बन्धी दृष्टिकोणले जनताको विकासकीय प्रयासमा आध्यात्मिक र सांस्कृतिक आवश्यकताहरू समावेश गरेर खुशियाली सम्बन्धी चाहनामा एकीकरण ल्याउन चाहन्छ।

३९. कूल राष्ट्रिय खुशियालीका चारवटा स्तम्भमा मानव अधिकार सम्बन्धी सिद्धान्तहरू समाहित छन्। यसको पहिलो स्तम्भले स्थायी र सामाजिक-आर्थिक विकासको चाहना राख्तछ र अहिलेको विकासले भावीपींडिको विकास सम्बन्धी अधिकारसँग सम्झौता गर्दैन। दोस्रो कुरा, यसले सामाजिक-आर्थिक विकास स्थायी हुन्छ र विकासकीय कार्यकलापहरूको माध्यमबाट अधिराज्यका सम्पूर्ण जनता लाभान्वित हुन्छन् भन्ने निश्चित गर्दछ।

४०. यसको दोस्रो स्तम्भले जनताको सांस्कृतिक र आध्यात्मिक पहलुको संरक्षण र प्रबर्द्धन गर्ने प्रतिबद्धता जाहेर गर्दछ। यसले सांस्कृतिक अधिकारको प्रबर्द्धन र अधिराज्यको निष्पक्षता सम्बन्धी धारणा व्यक्त गर्दछ। यसको तेस्रो स्तम्भले राज्यको विकासकीय क्षेत्रदेखि अलग राज्यको पर्यावरण संरक्षण सम्बन्धी प्रतिबद्धता झल्काउने काम गर्दछ। कुशल सरकार सम्बन्धी अन्तिम स्तम्भले राज्यलाई सक्षम, पारदर्शी र सरकारी सेवाहरूको उचित वितरक बनाउने निश्चित गर्दछ। यसो गर्नका लागि राजनैतिक नेताहरूबाट जिम्मेबारीको आवश्यकता पर्दछ। यसका लागि सम्पूर्ण सरकारी र राजनैतिक संस्थानहरूमा पारदर्शिताको खाँचो पर्दछ। कूल राष्ट्रिय खुशियाली सम्बन्धी लक्ष्य प्राप्त गर्ने दिशामा कुन सरकारले कस्तो काम गर्दैछ भन्ने निर्णय जनताको मतदानले दर्शाउने छ।

## इ. विधायिकता सम्बन्धी ढाचा

४१. सन् २००९ मा बसेको संसद् अधिवेशनले धेरै महत्वपूर्ण कानूनहरू पारित गरेको छ। यिनीहरूमा राजकीय भूटान पुलिस (आरबीपी) अधिनियम र जेल अधिनियम सामेल छन्। यी अधिनियमले पुलिस सेवा र जेल प्रबन्धलाई अरू अघि व्यावसायीकृत गर्ने आशा राखिएको छ।

४२. दुइवटा सदनलाई मिलाएर जम्मा २१ वटा समितिहरू बनाइएका छन्। राष्ट्रिय संसद्मा गठन गरिएका यी समितिहरूमा विधायिका सम्बन्धी मानव अधिकार, संस्कृति, श्रम तथा नोकरी, महिला तथा बालबालिका, गरीबी उन्मूलन, सञ्चार तथा आईसीटी, युवा तथा खेलकूद र शिक्षा विकास समिति पर्दछन्। राष्ट्रिय परिषद्मा गठित समितिहरूमा विधायिका, नयाँ अर्थतन्त्र तथा कल्याण, सामाजिक तथा सांस्कृतिक कार्य, पर्यावरण तथा प्राकृतिक स्रोत र कुशल सरकार सामेल छन्।

४३. मानव अधिकारको प्रबर्द्धन र रक्षामा विधायकहरूले महत्वपूर्ण भूमिका खेलून् भन्नका लागि राष्ट्रिय संसदमा एउटा मानव अधिकार समितिको गठन गरिएको छ। यो समितिले अरू विषयका साथसाथै विद्यमान् मानव अधिकार सम्बन्धी कानून र नीतिलाई पुनर्मूल्याङ्कन गर्ने र संशोधनका लागि सिफारिस गर्नेछ। साथै, यसले नयाँ कानून कस्तो हुनुपर्दछ भन्ने सिफारिस गर्नेछ। यो समितिले जेल र नजरबन्द केन्द्रहरूको भ्रमण गरेर त्यहाँ राखिएका अथवा बन्दी बनाइएका मानिसहरूलाई भेटी उनीहरूका मानव अधिकारको हनन् त गरिएको छैन भन्ने विषयमा जाँचपडताल गर्नेछ। उनीहरूले सदन अथवा अध्यक्षको निर्देशनमा यो काम गर्नेछन्। उनीहरूले सरकार अथवा अरू एजेन्सीहरूले मानव अधिकारका सम्बन्धमा राष्ट्रिय संसदले पारित गरेका प्रस्तावहरू कत्तिको लागू हुँदैछन् भन्ने पत्ता लगाएर प्रतिवेदन दिनेछन्। यो सम्बन्धमा यो समितिले जाँचपडतालको दौरान प्राप्त तथ्य, मत तथा सिफारिसहरू सदनमा जम्मा गर्नुपर्ने जिम्मेबारी लिएको छ।

## ई. न्यायपालिका र उपयुक्त न्याय वितरणको अधिकार

४४. भूटान संबिधानले दिएको कानून उपयुक्त, पक्षपातरहित तथा स्वतन्त्र न्याय वितरणप्रति प्रतिबद्ध छ। संबिधानले कानूनका साम् समानता र प्रभावकारी संरक्षण उपलब्ध गराउँछ। विनाकुनै प्रतिबाद सबै नागरिकमा कानून समानरूपले लागू हुन्छ भने बालबालिकासंग सम्बन्धित मुद्दालाई छोडेर अरू मुद्दाहरूको सुनवाई सार्वजनिक रूपले गरिन्छ। अपराधी सिद्ध नहुञ्जेल, कसैले पनि आफूलाई निर्दोष सिद्ध गर्ने अधिकार राख्तछ। दोषी व्यक्तिले सरकारसित रहेका प्रमाणहरू प्राप्त गर्ने अधिकार राख्तछ र न्यायको चाहना पूरा गर्न राज्यले उसलाई निःशुल्क वैधानिक सेवा उपलब्ध गराउने छ। आर्थिक तथा अरू क्षमताहरूको कारण कसैले पनि न्यायबाट बञ्चित हुनु नपरोस् भन्ने कुरा निश्चित गर्दछ।

४५. संबिधानका अतिरिक्त, सीसीपीसीले सामाजिक र आपराधिक सुनवाईको दौरान निष्पक्ष कारबाही भएको पूर्ण प्रत्याभूति दिन्छ। सीसीपीसीले न्यायाधीशले दिएका निर्णयका बिरूद्ध निर्वाधरूपले अपील गर्ने अधिकार दिएको छ। न्यायपालिकाले नीति निर्धारणमा अन्तर्राष्ट्रिय मापदण्डलाई अँगालेको छ।

४६. अहिलेको सरकारले न्यायपालिकालाई स्वतन्त्र बनाउने, साथै शीघ्रतापूर्वक, विनापक्षपात र सस्तो तरिकाले न्याय दिने प्रक्रियालाई प्रत्याभूति दिन्छ। न्यायपालिकाको कार्यवित्त र मानवस्रोतका साथै एकवर्ष भित्रमा सम्पूर्ण मुद्दाहरूमाथि फैसला दिइसक्नुपर्ने आदेश दिइएबाट र नयाँ प्रजातान्त्रिक परिपाटी अनुसार न्यायपालिकाका कर्मचारीको क्षमता बढाउनु पर्ने भएबाट उनीहरूलाई निरन्तररूपमा न्याय सम्बन्धी शिक्षा दिनुपर्ने, वैधानिक प्रणालीलाई विश्वसनीय र सक्षम बनाउनु पर्ने विषयमा योगदान दिन अहिलेको सरकारले सक्तो प्रयत्न गरेको छ।

## ई. निश्चित समूहरू

क) महिला

४७. भूटानका महिलाहरूले पुरूषहरूको बराबर नै अधिकार पाएका छन्। मुख्यरूपले, बौद्धि विचार धारामा उभिएको भूटानी समाजले महिलाहरूका लागि एउटा सुरक्षित वातावरण उपलब्ध गराएको छ। अधिराज्यको ठूलो भागमा मातृसत्तात्मक समुदाय रहने गरेको हुँदा, महिलाहरूले केवल धनसम्पत्ति पाउने अधिकार मात्र राख्तैनन् अपितु उनीहरूले धनसम्पत्ति र पारिवारिक विषयहरूमा निर्णय लिने अधिकार पनि राख्तछन्।

४८. सन् २००१ मा राजकीय सरकार र भूटानमा रहेका यूएन एजेन्सीले सञ्चालन गरेको पहिलो संयुक्त पाइलोट परियोजनाले भूटानी समाजमा स्पष्ट देखिने खालको लैङ्गिक पक्षपात नभएपनि यहाँका परम्परात्मक विचारमा पुरूष नै महिलाको अपेक्षा श्रेष्ठ हो भन्ने धारणा छ भन्ने बताएको छ।

४९. घरेलु झगडामा पर्नेहरूमध्ये सबैभन्दा बढी महिलाहरू नै हुन्छन्। त्यसैकारण, अहिले एउटा घरेलु अत्याचार सम्बन्धी कानून तयार गरिंदैछ। अहिले दण्ड संहिताको आक्रमण र मारपीट सम्बन्धी अध्यायहरूको माध्यमद्वारा घरेलु र लिङ्गमा आधारित मुद्दाहरूको फैसला दिइन्छ। अहिले थिम्फूमा राजकीय भूटान पुलिस (आरबीपी) अन्तर्गत स्थापित एउटा बाल सुरक्षा इकाईले घरेलु मुद्दामा परेका महिला र बालबालिकालाई आश्रय र परामर्श दिने काम गर्दछ।

५०. अधिराज्यको दशौं पञ्चवर्षीय योजना (२००८-२०१३) धेरै महत्वपूर्ण छ किनभने यो योजनामा क्षेत्रहरूले उनीहरूका नीति र कार्यक्रम तयार गर्दा लिङ्ग सम्बन्धी विषयहरूलाई प्रभावकारी रूपले गाभेका छन्। अर्को महत्वपूर्ण कुरा के छ भने, दशौं पञ्चवर्षीय योजनामा एउटा पूरै अध्याय "विकासमा महिला" भन्ने राखिएको छ। यो कामका लागि नू. ६४ मिलियन बजेट छुट्याइएको छ। दशौं पञ्चवर्षीय योजनाको दौरान कार्यान्वयन गरिने लिङ्गमा आधारित कार्यक्रममा जम्मा सातवटा क्षेत्रहरू छुट्याइएका छन्। यो योजनाले सम्पूर्ण योजनाहरू र नीतिहरूमा लिङ्ग र महिला सशक्तीकरणमा बढी ध्यान दिने आशा गरिएको छ।

ख) बालबालिका

५१. सन् १९९० मा "बालबालिका अधिकार" सम्बन्धी सम्मेलनमा यसलाई अनुमोदन गर्ने काम गरेबाट बालबालिकाको सुरक्षा र कल्याणप्रति भूटान कति कटिबद्ध छ भन्ने स्पष्ट हुन आएको छ।

५२. सीआरसीको अनुसार-सम्पूर्ण नियम र नीतिहरूमा बालबालिकाको सम्बन्धमा एकैनासे परिभाषा दिइएको छ भने संबिधानमा पनि बालबालिकासँग सम्बन्धित छुट्टै अध्यायहरू राखिएका छन्। दण्ड संहिता र सीसीपीसीले बालबालिकाको चाहना र कल्याणको रक्षा गरेका छन्।

५३. भूटानको संबिधानले स्कूल जाने नानीहरूलाई कक्षा १० (११ वर्ष) सम्म निःशुल्क शिक्षा उपलब्ध गराउने प्रत्याभूति दिएको छ। योग्यताको आधारमा उनीहरूले तकनिकी, व्यावसायिक र उच्च शिक्षा प्राप्त गर्ने हक राख्तछन्। सहस्राब्दी विकास लक्ष्यको प्राप्ति अन्तर्गत विश्व प्राथमिक शिक्षाको उपलब्धि र शिक्षामा लिङ्गको भेदभाव नराख्ने सम्बन्धमा भूटानले प्रभावकारी रूपमा प्रगति हासिल गरेको छ। सामुदायिक प्राथमिक स्कूलहरूको स्थापना, निःशुल्क पाठ्यपुस्तक, खाता-पेन्सिल, छात्राबास र भोजन सम्बन्धी कार्यक्रमहरूको कारण यस्तो उपलब्धि प्राप्त गर्न सकिएको हो। यो सुविधा विशेषरूपले ग्रामीण र सुदूरवर्ति इलाकाहरूमा उपलब्ध गराइएको छ। सन् २००५ देखि १९ प्रतिशत्का दरले स्कूल प्राथमिक नामाङ्कन औसतमा वृद्धि आएबाट अहिले नामाङ्कन दर ९२ प्रतिशत् पुगेको छ। सन् २००९ सम्मको तथ्याङ्क अनुसार, भूटानले लिङ्गलाई नछुट्याइकन प्राथमिक स्तरमा १.०१ र निम्नस्तरमा १.०२ नामाङ्कन दर हासिल गरेको छ।

५४. बालबालिकालाई अदालतमा खडा गर्दा सुरक्षित तरिकाले एकान्तताको स्थिति अपनाउनु पर्ने र बयस्क व्यक्तिहरू साथमा हुनुपर्ने जस्ता बाल–मैत्रीपूर्ण नियमहरू दण्ड संहिताका साथै सीसीपीसीमा गाभिएका छन्। नानीहरूलाई जेलमा राख्ने र अस्थायीरूपमा जेलबाट छोड्ने अथवा अदालतमा उनीहरूका उपस्थितिको आवश्यकता नपरेको खण्डमा उनीहरूलाई घर फर्कन पाउने विषयमा पनि प्राविधानहरू राखिएका छन्। महिला र बालबालिकासँग कसरी वर्ताव गर्ने भन्ने प्राविधानका सम्बन्धमा पुलिस अधिकारीहरूलाई तालिम उपलब्ध गराइएको छ। त्यसकारण, कानूनको दायराभित्र आउने बालबालिका र महिलाहरूलाई यस्ता पुलिस अधिकारीहरूले परामर्श दिन्छन्। बाल अपराधीलाई पुनर्वास सुविधा भएका अलग नजरबन्द केन्द्रहरूमा राखिन्छ।

५५. श्रम तथा नोकरी अधिनियम भित्र बालश्रमसित सम्बन्धित विषयहरू राखिएका छन् भने सम्पूर्ण स्कूलहरूमा शारीरिक यातनामाथि प्रतिबन्ध लगाइएको छ।

ग) बिकलाङ्ग व्यक्तिहरू

५६. भूटानमा (पीएचसीबी २००५) को अनुसार, २१,८९४ जना बिकलाङ्ग व्यक्तिहरू छन्। कूल जनसंख्यामध्ये यिनीहरूको संख्या ३.४ प्रतिशत् छ। यिनीहरूमध्ये कुनै एउटा अङ्गका र कुनै चाँहि त्यो भन्दा बढी अङ्गका बिकलाङ्ग छन्। यी मध्ये ६,४७६ जना जन्मैदेखि बिकलाङ्ग छन् भने १५,८६७ जना चाँहि जन्मपश्चात् बिकलाङ्ग भएका छन्। लिङ्ग नछुट्याउने हो भने आँखा र खुट्टा सम्बन्धी अपाङ्गादेखि बाहेक अरू अपाङ्गताका मानेमा महिला र पुरूषबीच त्यति (पुरूष ५४ र महिला ४६ प्रतिशत्) ठूलो अन्तर देखिदैन। पुरूषहरूले बाहन चालन र अरू पनि खतरनाक व्यवसायमा भागलिनुपर्ने हुँदा उनीहरू बढीरूपमा घाइते हुने सम्भावना रहन्छ।

५७. संस्थात्मक क्षमताको अभावका कारण भूटानले अहिलेसम्म बिकलाङ्ग व्यक्तिहरूको सम्झौतामाथि हस्ताक्षर गरेको छैन। तथापि सरकारले यसको पुनर्मूल्याङ्कन गरिरहेको छ। यसैबीच, सरकारले विकलाङ्ग सम्बन्धित कार्यक्रमलाई आफ्ना सामाजिक–आर्थिक विकाससँग एकीकृत गरेर उचित बजेट छुट्याउनका साथै सम्पूर्ण नियोजन र संयोजनको माध्यमबाट मूलधारामा ल्याउने काम गरेको छ।

५८. अहिले बिकलाङ्गलाई आवश्यक सर–सुविधा उपलब्ध गराउने तीनवटा स्कूलहरू छन्। युवा विकास कोष (वाईडब्लूएफ) को सहयोगमा विशेष शिक्षा कार्यक्रम अन्तर्गत अनेकौं परि योजनाहरू सुरू गरिएका छन्। यस्ता परियोजनाहरूमध्ये एउटाले चाँहि बिकलाङ्गहरूलाई बढी मात्रामा शिक्षाका अवसरहरू उपलब्ध गराउँदैछ।

**घ. महिला र कालबालिकाका लागि विशेष आयोग (एनसीडब्लूसी)**

५९. एनसीडब्लूसी एउटा त्यस्तो स्वचालित एजेन्सी हो जसाई पूर्णरूपले देशभित्र र बाहिर काम गर्ने जिम्मेबारी दिइएको छ। यी जिम्मेबारीहरूमा बालबालिकाका लागि काम गर्ने अधिकार दिइएको

छ। बालबालिका र महिला अधिकारको हननमाथि छानवीन, नियमितरूमा उनीहरूमाथि तयार गरिएका प्रतिवेदनहरूको संयोजनका साथै क्षेत्रीय सम्झौता निकायहरू र अन्तर्राष्ट्रिय संगठनहरूका कार्यकलापहरूको संयोजन, समस्याहरूका साथै बालबालिका र महिलासँग सम्बन्धित नीति र कानूनहरूको मूल्याङ्कन गर्ने, सरकारलाई सल्लाह दिने र सरकारको अधिकार रेखदेख गर्ने काम पनि यसले गर्दछ।

## ङ नागरिक समाज संगठन

६०. सन् २००७ को नागरिक समाज अधिनियम अनुसार, सन् २००९ मा गठित सीएसओ अधिकृतले अधिनियम प्रस्तावहरूलाई कार्यान्वित गर्ने जिम्मेबारी लिएको छ। यसले सीएसओहरूले उनीहरूको कार्यकलापको दौरान कस्तो जिम्मेबारी पालन गर्दैछन् र काममा कस्तो पारदर्शिता छ भन्ने विचारका साथै सीएसओहरूको गठन र कार्यको हेरचाह पनि गर्दछ। अहिलेसम्ममा अधिकृत समक्ष सीएसओमा सामेल हुनका लागि पहिलेदेखि सीएसओको रूपमा काम गर्दै गर्ने एउटा संगठनलगायत जम्मा ३३ वटा संगठनहरूले निवेदन दिएका छन्। यी संगठनमध्ये धेरैजसोले आर्थिकरूपले कमजोर व्यक्तिहरूको सहायताका लागि काम गर्दैछन्। एकपटक सीएसओको सूचीमा गाभेर अधिकृतले बैधानिकता दिएपछि यिनीहरूको काम बैधानिक मानिने छ। अधिनियम पारित हुनु पहिले नै यिनीहरूले आवश्यक क्षेत्रहरूमा सहयोग पुर्‍याउने गरेका हुँदा परिवर्तित समाजमा यिनीहरूको आवश्यकता महसुस गरिएको थियो।

## च. मानव अधिकारमाथि सार्वजनिक जानकारी

६१. सीआरसी, सीईडीएडब्लू, कानून लागू गर्ने व्यक्तिहरूका लागि लिङ्ग र विकास, न्यायपालिका, संसद्, स्थानीय सरकारका कर्मचारीहरू र सञ्चार माध्यम एवं युवा तथा बालबालिका जस्ता विषयहरूलाई मानव अधिकारमाथि एनसीडब्लूसीले धेरै पटक तालिम उपलब्ध गराएको छ। देशभित्रै सीआरसीमाथि डब्लूसीपीयूका पुलिस कर्मचारीहरूबीच तालिम उपलब्ध गराइसकिएको छ। एनसीडब्लूसीले भिन्न-भिन्न सहभागीहरूका लागि बाल अधिकार, सरसफाई र मानव ओसार-पसारमाथि भूटान बाहिर तालिम उपलब्ध गराएको छ। बालबालिका र महिलासँग मैत्रीपूर्ण वर्ताव गर्ने नियमहरूको पुनर्मूल्याङ्कनका लागि पुलिस र न्यायपालिकाका कर्मचारी-हरूलाई श्रीलंका र थाइलेण्डको अध्ययन भ्रमणमा पठाइएको थियो। सो अवसरमा उनीहरूले भूटानमा कसरी र कतिसम्म ती प्रक्रियाहरू अपनाउन सकिन्छ भन्ने मूल्याङ्कन गरेका थिए।

६२. राजकीय न्यायालयले "आफ्नो अधिकारको रक्षाका लागि कानून जान्नुहोस्" भन्ने अभियानका साथ कार्यक्रमहरू सञ्चालन गरेर विभिन्न स्कूल र शिक्षण संस्थानहरूलाई अधिकारका विषयमा जानकारी दिने काम गरेको छ। सो अवसरमा बालबालिकाहरूलाई उनीहरूका अधिकारको रक्षा कसरी राम्रो प्रकारले गर्न सकिन्छ भन्ने कर्तव्य र अधिकारका सम्बन्धमा जानकारी दिइएको थियो। युनिसेफका साथमा मिलेर एनसीडब्लूसीले लामाहरू, प्रधानाध्यापक र लामा संस्थाका प्रमुखहरूका लागि बाल अधिकार र सुरक्षामाथि तालिम दिने काम गरेको थियो।

भविष्यमा पनि यस्ता तालिमहरूको आयोजना गरिने योजना छ।

६३. सीआरसीले औपचारिक स्कूल पाठ्यक्रममा बाल अधिकार सुरक्षा जस्ता विषयहरूलाई नगाभिकनै भएपनि बालबालिकालाई लक्ष्य बनाएर तयार गरिएका कार्यक्रमहरूका साथै स्काउट कार्यक्रम, युवा नेतृत्व तालिम, स्कूलहरूमा शीपमूलक कार्यक्रमहरूका अतिरिक्त अरू पनि पाठ्यक्रमदेखि बाहिरका कार्यकलापहरूमा यसलाई सामेल गराएको छ।

६४. कानून र नीतिहरू तथा महिला र उनीहरूका अधिकारका बिरूद्ध अत्याचारमा सन् २००९ मा न्यायपालिका र कानून लागू गर्ने व्यक्तिहरूका लागि एउटा "तालिमेहरूका लागि तालिम" कार्यशालाको आयोजना गरिएको थियो। सो तालिममा न्यायपालिका र पुलिसका गरी जम्मा ४० जनाभन्दा बढी कर्मचारीहरूले भाग लिएर महिलाहरूले काम गर्दै गरेका एजेन्सीहरूलाई यो विषयमा जानकारी दिने काम गरेका थिए।

## छ. राजकीय भूटान पुलिस (आरबीपी) को दायित्व र भूलचूकहरू

६५. तालिमप्राप्त पोषाकधारी व्यक्तिको रूपमा आरबीपी प्राथमिकरूपले कानून व्यवस्था कायम राख्ने र अपराध रोक्ने विषयमा जिम्मेबार छ। देशको सुरक्षाका लागि उनीहरूलाई सेनाको महत्वपूर्ण अङ्ग मानिन्छ। सन् २००९ को राजकीय भूटान पुलिस अधिनियमले समाजमा पुलिस कर्मचारीहरूको भूमिका र उनीहरूका जिम्मेबारीहरूलाई अरू ठोस् बनाउने काम गरेको छ। यो अधिनियम अन्तर्गत रहेको यान्त्रिकीले पुलिस कर्मचारीलाई शक्तिको दुरूपयोग गर्नबाट रोक्तछ। सीसीपीसीले आरबीपी अधिकारीहरूले अपराधिक छानवीनको दौरान आफ्ना शक्तिको दुरूपयोग नगरोस् भन्नका लागि उपायहरू तर्जुमा गर्ने काम गरेको छ। बरिष्ठ अधिकारीहरू सम्लग्न गरिएको पुलिस सेवा परिषद्का साथै गृह तथा संस्कृति मन्त्रालयका एकजना प्रतिनिधिले पुलिस अधिकारीहरूद्वारा शक्तिको दुरूपयोग गरे भने छानवीन गर्दछन्। आरबीपी अधिनियमले पुलिस प्रमुखलाई परिषद्द्वारा प्रस्तुत प्रतिवेदनप्रति सहमति दिने र दोषी पुलिस कर्मचारीलाई दण्ड दिने अधिकार दिंदछ। आरबीपीले असैनिक पदाधिकरणको नियन्त्रणमा रहेर काम गर्दछ।

६६. भूटानमा मानव अधिकार उल्लंघन गरेको खण्डमा पुलिस कर्मचारीहरू आपराधिक दण्डदेखि उन्मुक्त छैनन्। उनीहरूले अरू बढी कुशलताका साथ काम गर्नुपर्ने र छानवीनको दौरान दोषी व्यक्तिको अधिकार हनन् नहोस् भन्ने कुरामाथि ध्यान दिनुपर्दछ। यो अधिनियमले दोषी व्यक्तिको अधिकारलाई सुरक्षित राख्नका लागि अन्तर्राष्ट्रिय मापदण्ड र सिद्धान्तहरूलाई गाभ्ने काम गरेको छ। यसले छानवीनका समयमा पुलिस अधिकारीहरूले जतिसक्तो राम्रो अभ्यास अपनाउनुपर्ने, कानूनको दायरामा रहनु पर्ने र मानवीय आचरणभित्र रहेर काम गर्नुपर्ने जस्ता कुराहरू बताएको छ।

६७. राजकीय भूटान पुलिसले यसका कामहरूमा मानव अधिकारमा आधारित दृष्टिकोणहरू अपनाउँदै आएको छ। साथै यसले आफ्ना कर्मचारीहरूलाई मानव अधिकारका सम्बन्धमा विभिन्न प्रकारका तालिम दिने र संस्थात्मक पुनर्मूल्याङ्कन गर्ने कामहरू गरेर जनसेवा सम्बन्धी प्रतिबिम्बमा पनि सुधार ल्याउने प्रयत्न गर्दैछ। आरबीपी अधिनियममा समावेश गरिएका जिम्मेबारी सम्बन्धी यान्त्रिकीले पुलिसलाई सभ्य, मानव अधिकार पालन गर्ने र जनताको सुरक्षाका लागि उनीहरूमा संस्थात्मक पुलिस संस्कृति भर्ने काम गर्नेछ।

## ज. विगतमा यूएन मानव अधिकार निकायहरूका साथमा सहयोग

६८. भूटानले मानव अधिकार आयोग (सीएचआर) र मानव अधिकार परिषद् (एचआरसी) को माध्यमबाट यूएन मानव अधिकार कार्यकलापहरूमा सक्रियरूपले चासो देखाउँदै आएको छ। भूटानले सन् १९९५ देखि सन् २००० सम्म र सन् २००४ देखि सन् २००६ सम्म सीएचआरको सक्रिय सदस्यका रूपमा तीनपटकसम्म काम गरेको छ। अहिले भूटान यसको सदस्य छैन तापनि एचआरसीका कार्यमा यसले सक्रियरूपमा भागलिंदै छ। भूटानले भियानामा आयोजित मानव अधिकारमाथिको मन्त्रीस्तरीय विश्व सम्मेलन र दर्वनमा आयोजित जातीय विश्व सम्मेलनका साथै यसको पुनर्मूल्याङ्कन सम्मेलनमा पनि भागलिएको थियो।

६९. सन् १९९४ को अप्रेल महिनामा पहिलो पटक कार्यालयमा काम गर्न थालेपछि मानव अधिकारका पहिला उच्चायुक्त जोस अयला लासोलाई अगस्त महिनामा अधिराज्यको भ्रमणमा निम्त्याएको थियो। आफ्नो भ्रमणको दौरान उच्चायुक्तले भूटानको मानव अधिकार सम्बन्धी स्थितिमाथि सम्पूर्ण सम्बन्धित अधिकारीहरूका साथमा व्यापक छलफल गर्नु भएको थियो। सो अवसरमा भूटानले अधिराज्यमा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी नियमहरू लागू गर्नका लागि मानव अधिकार केन्द्र (अहिलेको एचसीएच) ले सहायता पुऱ्याओस् भन्ने निवेदन गरेको थियो। फलस्वरूप, भूटान ओएचसीएचआर तकनिकी सहयोग परियोजनाबाट लाभान्वित भएको छ।

७०. उच्चायुक्तको भ्रमणपछि भूटान र ओएचसीएचआरबीच विशेषगरेर तकनिकी सहयोग परियोजनाका साथ भूटानसित सक्रियरूपले अन्तर्क्रिया भएको छ। जेनेभाको भ्रमणमा जाने भूटानी मन्त्रीहरूले पनि त्यहाँदेखि यसो ओएचसीएचआरका साथमा निरन्तर सम्पर्क बनाउँदै आएका छन्। जेनेभामा रहेको भूटानको आवासीय मिसनले पनि निरन्तररूपमा ओएचसीएचआरका साथमा अन्तर्क्रिया गर्दै आएको छ।

७१. उच्चायुक्तको भ्रमणबाट ओएचसीएचआरले राष्ट्रिय मानव अधिकारलाई दरिलो बनाउन खडा गरिएको तकनिकी सहयोग परियोजना बीएचयू/९५/एएच/२० लाई सन् १९९७–२००१ सम्म कार्यान्वयन गरेको थियो। सरकारले उपलब्ध गराएको अमेरिकी डलर १०,०००/– बराबरको सरसामान जोड्दा यो परियोजनाका लागि जम्मा अमेरिकी डलर ३००,६०० खर्च लागेको थियो। यो परियोजनाको माध्यमबाट भूटानले न्याय प्रशासन प्रणालीलाई दरिलो बनाउने, कानून

व्यवस्था लागू गर्ने, कर्मचारीहरूलाई सैद्धान्तिक पहलुहरूबारे तालिम उपलब्ध गराउने र अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डहरूलाई आभ्यासिक रूपमा लागू गर्नका साथै अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारका विषयमा प्रतिवेदन दिने क्षमतामा भूटानलाई सहयोग गर्ने तथा अन्तर्राष्ट्रिय मानव अधिकारका नियम र दायित्वहरूका विषयमा भूटानलाई जानकारी गराउने काम गरेको थियो। यो परियोजना अन्तर्गत निम्नलिखित कार्यक्रमहरू सञ्चालन गरिएका थिए।

क) अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डका विषयमा उच्च अदालतका न्यायाधीशरूका लागि विचारगोष्ठी,

ख) न्याय प्रशासनमाथि भूटानी आपराधिक प्रक्रिया र अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डका विषयमा न्याय बाहिरका व्यक्तिहरूलाई तालिम

ग) पुलिसलाई मानव अधिकार र कानून लागू गर्ने सम्बन्धमा तालिम,

घ) कानूनी ढाचाका सम्बन्धमा जिल्लाका न्यायाधीशरूलाई तालिम,

ङ) एसेक्स विश्वविद्यालयको मानव अधिकार केन्द्रको सहयोगमा ओएचसीएचआरको छात्रवृत्ति अन्तर्गत कानूनी प्रशासन र मानव अधिकारमाथि तालिम,

च) एसेक्स विश्वविद्यालयको मानव अधिकार केन्द्रको सहयोगमा ओएचसीएचआरको छात्रवृत्ति कार्यक्रमका माध्यमबाट न्याय प्रशासन र मानव अधिकारमाथि महिला पुलिसहरूलाई तालिम, र

छ) सम्झौतामाथि जानकारी र प्रतिवेदन दायित्वका विषयमा उपयुक्त सरकारी अधिकारीहरूका लागि छात्रवृत्ति।

परियोजनाको अन्त्यमा ओएचसीएचआरले एकजना स्वतन्त्र विशेषज्ञलाई परियोजना मूल्याङ्कन मिसनको कामका लागि नियुक्त गरेको थियो। सो मूल्याङ्कन प्रतिवेदनले परियोजनामा सरकारको सम्लग्नता सकारात्मक रहेको जनाएको छ। विशेषरूपमा भन्ने हो भने, यो विचार गोष्ठीको सम्पूर्ण कार्यान्वयन र प्रशासन परियोजना अन्तर्गत सञ्चालन गरिएका विभिन्न कार्यकलापहरूका लागि उपयुक्त सहभागीहरूको छनोट र यो तकनिकी सहयोगको फाइदामा निर्मित एजेन्सीहरूका विषयमा देखाइएको विशेष चासो जस्ता विषयहरूले सरकारको सहयोगलाई झल्काउने काम गरेको थियो।

७२. सन् १९९४ को अक्टूबर महिनामा भूटान मनमानी नजरबन्द (डब्लूजीएडी) को कार्यकारी समूहलाई निम्तो दिने पहिलो देश थियो। सो टोलीमा समूहका अध्यक्ष ज्यापुटर, लुइस जुनेट उहाँका दुइजना सदस्य एल. कामा र के. सिबालका साथमा भूटान आउनु भएको थियो। भूटानमा जथाभावी मानिसहरूलाई नजरबन्द गरिँदैछ भन्ने उहाँको सोचाई रहेको हुँदा दोषको छानबीनका सम्बन्धमा उहाँहरूलाई अधिराज्यको भ्रमणका लागि निम्तो दिएको थियो। यो भ्रमणको उद्देश्य विशेषरूपले जथाभावी नजरबन्द सम्बन्धी विषयमा मात्र सीमित नरहेर यसले अरू क्षेत्रहरूमाथि पनि रेखदेख गरेको थियो। सरकारले खुल्लापन र पारदर्शिताका साथ

उहाँहरूलाई भ्रमणको दौरान पूर्णसहयोग दिएको थियो।

७३. सरकारले सन् १९९६ को अप्रेल महिनामा डब्लूजीएडीलाई पुनर्मूल्याङ्नमा बोलाएको थियो। यसमा अध्यक्ष ज्यापुटर र लुइस जुनेट आउनु भएको थियो। यो भ्रमणको लक्ष्य चाँहि डब्लूजीएडीले पहिलो पटक निधारण गरेको न्याय प्रशासनको सुधार सम्बन्धित सिफारिसहरूलाई मूल्याङ्कन गर्नु रहेको थियो। साथै, उहाँहरूले थिम्फू बाहिरका जेल र पुलिस स्टेसनहरूको भ्रमण गर्नु भएको थियो र मनमानी नजरबन्द गरिएको रहेनछ भन्ने घोषणा गर्नुभयो। सो अवसरमा यसले पहिले सिफारिस गरिएका मुद्दाहरूलाई कार्यान्वयन गरिएको र सरकार उसको नजरमा ल्याइएका मुद्दाहरूलाई सक्रियरूपले समाधान गर्न तयार रहेको पत्ता लगाएको थियो। डब्लूजीएडीले एकपटक फेरी उसका अघि परेका मुद्दाहरू जथाभावी नजरबन्द गरिएका मुद्दाहरू होइन रहेछन् भन्ने घोषणा गरेको थियो।

७४. सरकारले मानव अधिकार र मानव जिम्मेबारीका लागि विशेष अध्यक्ष तथा ज्यापुटर, मिग्युल अलफोन्सो मार्टिनेजलाई सन् २००२ को सितम्बर महिनामा भूटान बोलाएको थियो। उहाँले आफ्नो अन्तिम प्रतिवेदन ई/सीएन.४/२००३/१०५, तयारीका सम्बन्धमा सम्बन्धित अधिकारी–हरूका साथमा व्यापक छलफल गर्नुभएको थियो। यो प्रतिवेदन उहाँले सन् २००३ को मार्च १७ का दिन सीएचआरएचको २०००/६३ प्रस्ताव मुताबिक तयार गर्नु भएको थियो। इकोसक निर्णय २००२/२७७ मुताबिक उहाँले यो प्रतिवेदन जम्मा गर्ने काम गर्नु भएको थियो।

७५. सन् १९९३ मा भूटान सरकार र आईसीआरसीबीच एउटा पाँचवर्षे स्मारक सम्झौतामाथि हस्ताक्षर भएपछि सरकार र अन्तर्राष्ट्रिय रेडक्रसबीच सहयोगको सूत्रपात भएको थियो। सन् १९९८ मा समाप्त हुनु पहिले सालियाना नवीकरण गरिनुपर्ने सो स्मारक सम्झौताले आईसी–आरसीलाई राष्ट्रिय सुरक्षा अन्तर्गत थुना परेका अथवा नजरबन्द बनाइएका व्यक्तिहरू भेट्ने मौका दिंदछ। आईसीआरसीलाई त्यस्ता सम्पूर्ण स्थानहरूको भ्रमण गर्न र कैदीहरूका साथमा कस्तो व्यवहार गरिन्छ र कस्ता सरसामान उपलब्ध गराइएका छन् भन्ने कुराका साथै नजर–बन्दीको मानसिक अवस्थाको जाँचबुझ गर्ने मौका दिँदै आएकोछ। सन् २००९ को जूनसम्ममा आईसीआरसीले जम्मा २७ पटक भूटान भ्रमण गरिसकेको छ।

७६. सो अवसरमा आईसीआरसीले १९४९ जेनेभा सम्मेलन र १९९७ ओटावा सम्मेलनमा विशेषरूपले केन्द्रित रहेर भूटानका कानून लागू गर्ने र सरकारी अधिकारीहरूका लागि १४ वटा विचार गोष्ठीहरूको आयोजना गरेको थियो। आईसीआरसीलाई सरकारले सालियाना १६००० अमेरिकी डलरभन्दा बढी धनराशी उपलब्ध गराउँदै आएको छ। सहयोगको वर्तमान् स्थितिमाथि सरकार र आईसीआरसी दुवै सन्तुष्ट छन्।

## ६. चुनौति, अड्चन, उपलब्धि र उपयुक्त अभ्यासको पहिचान

### क. चुनौति र अड्चनहरू

अ) गरिबी

७७. विगतका वर्षहरूमा गरीबी घटाउने सम्बन्धमा धेरै प्रगति गरिएको भएपनि अझैपनि कूल जनसंख्याको २३.२ प्रतिशत् भाग गरीबीको रेखामुनि छ। दशौं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा यसलाई १५ प्रतिशत्मा झार्ने महत्वाकाँक्षी लक्ष्य राखिएको छ। सरकारले गरीबीको मतलब प्राथमिक आवश्यकता र सरसामानको अभाव मात्र होइन तर यसले मानिसहरूको अभौतिक सुखलाई पनि बढीरूपले प्रभावित गर्दछ भन्ने कुरालाई मान्यता दिएको छ। भूटानको कूल राष्ट्रिय खुशियाली सम्बन्धी लक्ष्यमा गरीबीले ठूलो अड्चन खडा गरेको छ। ग्रामीण इलाकामा गरीबीले थिचिएका ९८ प्रतिशत् मानिसहरू बसोबास गर्ने हुँदा, यो समस्या अझै गम्भीर भएको देखिन्छ। शिक्षा र जानकारीको अभाव नै सबैभन्दा ठूलो अड्चन सिद्ध भएको छ।

आ) सुगमताको समस्या

७८. पर्वतीय भौगोलिक अवस्था र पातलो बसोबासको कारण स्वास्थ्य, शिक्षा, विजुली र शुद्ध पिउने पानी जस्ता सामाजिक सेवाहरूको वितरणमा ठूलो अड्चन खडा भएको छ।

इ) बेरोजगारी

७९. अहिले भूटानमा लगभग १०,६०० जना जवान् महिला र पुरूषहरू बेरोजगार रहेकाले नोकरीका अवसरहरू सृजना गर्नु अपरिहार्य भएको छ। सन् १९९८ मा राष्ट्रिय बेरोजगारीको दर १.४ प्रतिशत् रहेकोमा सन् २००७ मा ३.७ प्रतिशत् भएको छ। सन्सारमा बेकारीको समस्या जसरी बढ्दैछ, त्यो हेर्दा यो एउटा कहाली लाग्दो समस्या नभए पनि भूटानका जनसंख्याको लगभग २३ प्रतिशत् भागमा युवाहरूको प्रतिनिधित्व रहेको सन्दर्भमा, अहिले ६,३०० अर्थात् ६० प्रतिशत् युवाहरू बेकार हुनु जटील समस्या भएको छ।

८०. सन् २०१३ सम्ममा युवा-युवतिहरूको संख्या बढेर १९४,४१७ हुने आशा राखिएको छ। (युवाहरूको कूल संख्या १०२,५३० र युवतिहरूको संख्या ९१,८८८)। श्रमशक्ति सर्वेक्षण अनुसार, युवायुवतिको बेकारी समस्या वार्षिकरूपले ०.४४ प्रतिशत् (युवा ०.२१ र युवति ०.६८) का दरले बढेर जाँदैछ। सन् २००५ मा सञ्चालन गरिएको पीएससीबीले युवा बेकारी ६.१९ प्रतिशत् (युवा ५.५३ र युवति ७.१९) प्रतिशत् रहेको देखाएको छ। गाउँदेखि शहरतर्फ बसाई सर्ने प्रवृत्तिले बेकारी समस्यालाई अझै चर्काएको छ। सन् २००५ मा सञ्चालन गरिएको पीएचसीबीले शहरको बेकारी दर १०.७ प्रतिशत् (पुरूष ५ प्रतिशत् र महिला १६.३ प्रतिशत्) भएको देखाएको छ। सरकारले युवा बेकारी समस्यामा कमी ल्याउने सक्तो प्रयत्न गर्दागर्दै पनि यो प्रतिवेदन तयार गर्दासम्म लगभग १०,००० युवाहरू बेकार थिए। अहिले सरकारले श्रम बजारको सूचना, बेकारी सेवा, आत्म-व्यवसाय र आत्मनियुक्त जस्ता कार्यक्रमहरू साना र मध्यस्तरीय उद्योगहरूको प्रबर्द्धनका

माध्यमबाट चलाउँदै छ। साथै यसले बेकारी समस्याको समाधानका लागि एप्रेण्टिशीप तालिम कार्यक्रम र पूर्वनियुक्ति कार्यक्रम चलाउँदैछ।

ई) जलवायु परिवर्तन

८१. कोमल र पर्वतीय प्रकृति प्रणाली भएको सानो, भू-परिबेष्ठित र अल्पविकसित देश, भूटानले कूल राष्ट्रिय खुशियाली सम्बन्धी सिद्धान्त विकासको दौरान शुद्ध तथा हरियालीपूर्ण विकास-पथ अपनाउने लक्ष्य राख्नका साथमा अहिले सन्सारमा सबैभन्दा कम ग्रीन हाउस ग्यास छोड्ने देश भएपनि जलवायु परिवर्तनको गम्भीर समस्या भोग्नु पर्दैछ। देशको कूल भू-भागको ७२.५ प्रतिशत् भागमा वनजँगल रहेबाट भूटान कुनै पनि हालतमा भू-भागको ६० प्रतिशत् क्षेत्रमा वनजँगल बनाइराख्न प्रतिबद्ध छ। यो पहिले नै भूटान कार्बोनको समस्याबाट मुक्त रहेको छ। तर पनि, भूटान कतिबेलै पनि जलवायु परिवर्तनको शिकार हुनसक्ने स्थितिमा छ। यसका खतरा-हरूमा हिम तलाउ फुटेर आउने बाढी (जीएलओएफ), अनियमित जलवायु र बिमारहरू फैलिने छन्।

८२. भूटानमा अहिले २६ वटा हिम तलाउहरू छन् जो विश्व तापमानको कारण कतिबेलै पनि फुट्न सक्तछन्। यो खतराको समाधान गरिएन भने कुनैपनि बेला भूटानमा मात्र जीउने साधन र धनजनको क्षति नगरेर यसले धेरै जनसंख्या भएका अरू पनि कतिपय छिमेकी देशहरूलाई चपेटमा ल्याउने सक्नेछ। यस्ता प्राकृतिक आपत्तिले कस्तो विध्वंशात्मक क्षति पुऱ्याउन सक्छ भन्ने कुरो सन् २००९ को मई महिनामा आएको बाढीले दर्शाएको छ। निरन्तर रूपमा भएको वर्षाबाट बंगालको खाडीमा आँधी (आइला) आएको हुँदा भूटानमा नदी र खोल्साहरू पहिले कहिल्यै पनि उर्लिएर नपुगेको स्तरमा पुगेका थिए। यसरी आएको बाढीले नू. ७१९ मिलियनको क्षति पुऱ्याएको थियो भने १२ जनाको ज्यान लिएको थियो।

८३. भूटानका ६९ प्रतिशत् जनसंख्याले कृषिको माध्यमबाट जीवन निर्वाह गर्नु पर्दछ तर जलवायुमा आएको परिवर्तनले उनीहरूको जीविकामा गम्भीर चुनौति खडा गर्दैछ। भूटानको राजस्वमा सबैभन्दा बढी योगदान पुऱ्याउने जलविद्युत् उत्पादनमा पनि यो परिवर्तनले प्रतिकूल असर पार्नेछ। औलेज्वरो र डेङ्गू जस्ता बिमारहरूले अब त्यस्ता उच्च स्थानमा पनि आक्रमण गर्न थालेको देखिंदैछ जहाँ पहिले कहिल्यै पनि यस्ता बिमारहरूको प्रकोप थिएन।

उ. अवैधानिक बसाई-सराई

८४. भूटान क्षेत्रको एउटा त्यस्तो ठाउँमा रहेको छ जहाँ अति गरीबी, पर्यावरणको क्षति र राजनैतिक अस्थिरता बनिरहन्छ। सन् १९६० मा भूटानले पहिलो पटक नियोजित सामाजिक-आर्थिक विकासको थालनी गर्दा अबैधानिक बसाई सर्नेहरूको समस्या बेहोरेको थियो। यिनीहरू राम्रो आर्थिक अवसर, जनसंख्याको औसत अनुसार उपयुक्त जमीन र थोरै जनसंख्या भएको तथ्यलाई नियालेर आर्थिक फाइदा उठाउन भूटान पसेका थिए।

८५. दक्षिण भूटानका ह्लोत्छाम्पाहरू मूलरूपले नेपाली भएका हुँदा यी अबैधानिक बसाई सरूवाहरू सजिलैसँग उनीहरूसित समावेश हुनका साथै अवैधानिक ढँगले कागजपत्र बनाई भूटानी नागरिकको रूपमा पञ्जीकृत भएका थिए। दक्षिणमा प्रशासन व्यवस्था कमजोर रहेको हुँदा तत्कालै उनीहरूको पत्ता लागेन किनभने सन् १९५८ मा नागरिकता दिइएका ह्लोत्छाम्पाहरू र उनीहरूबीच जाति, संस्कृति र भाषा एउटै भएकोले हो।

८६. सन् १९८८ मा सञ्चालन गरिएको पहिलो देशव्यापी जनगणनाले ठूलो संख्यामा अवैधानिक बसाई सरूवाहरू भएको र दक्षिणमा अप्राकृतिक तरिकाले जनसंख्या बढेको स्पष्ट पाऱ्यो। यो समस्याको गम्भीरतामाथि विचार गरेर सरकारले देशको नागरिकता र आप्रवास नियमलाई कठोरतासाथ लागू गऱ्यो। अभाग्यबश, राजनैतिक स्वार्थमा डुबेका केही मानिसहरूले दक्षिण भूटानका जनताहरूमाथि पक्षपात गरिंदैछ भन्ने हल्ला फिंजाई देशमा राजनैतिक उथलपुथल ल्याए।

८७. सन् १९९१ मा नेपालको पूर्वी भागमा शरणार्थी शिविरहरू खोलिए। यहाँ विना छानवीन जसलाई पायो त्यसलाई प्रवेश दिइएको हुँदा जस्तासुकै मान्छेहरूको घुइंचो लाग्यो। पूर्वी नेपालमा खोलिएका शरणार्थी शिविरमा रहने मानिसहरूको समस्या शरणार्थीहरूको जस्तो समस्या नभएर एकदमै जटील समस्याका रूपमा रहेको छ। यो समस्या अबैधानिक बसाई सरूवाहरूबाट टुसाएको समस्या हो। भूटान यो भन्दा पहिले नै नेपाल र भूटानबीच सम्पन्न सम्झौताहरूको आधारमा द्विपक्षीय प्रक्रियाको माध्यमद्वारा यो समस्याको स्थायी समाधान खोज्न प्रतिबद्ध छ। दुवैवटा देशमा नयाँ सरकार आएका हुँदा, द्विपक्षीय प्रक्रियाले आवश्यक समर्थन पाउने आशा राखिएको छ। वातचितको माध्यमलाई सँधै नै खुल्ला राखिएको छ। मानवीय समस्यालाई समाधान गर्न सहयोग पुऱ्याउने भएबाट शिविरका मानिसहरूलाई पुनर्वास गराउने मुख्य समूहहरूको प्रयत्नलाई प्रशंसनीय मान्नु पर्दछ।

८८. जथाभावीबाट भित्र पस्नसकिने गल्छिंडा भएको एउटा सानो देशका रूपमा भूटानले सँधै नै अवैधानिक बसाई सरूवाहरूको समस्या भोगिरहनु पर्ने देखिन्छ। विकास प्रयत्नमा भूटान जसरी अघि बढ्दैछ, बसाई सरूवाहरूका लागि भूटान एउटा आकर्षित गन्तव्य देश भएको छ। अबैधानिक रूपले बसाई आउनेहरूलाई नियन्त्रण गर्न सकिएन भने देशको सुरक्षा र विशिष्ठ राजनैतिक एवं सांस्कृतिक परिचय असुरक्षित हुनसक्छ। त्यस्तो परिस्थितिमा भूटानलाई बचाउने यसको नागरिकता र आप्रवास कानून मात्र रहेका छन्।

ऊ) आतंकबाद

८९. देशमा बढ्दै गरेको आतंकबादी कार्यकलापहरूका कारण भूटान गम्भीररूपले चिन्तित छ। भूटान बाहिर गठन गरिएका सशस्त्र समूहहरूले यी आतंकबादी कामहरू गर्दैछन्। यिनीहरूले हिंसा र सशस्त्र आन्दोलनका माध्यमबाट भूटानको प्रजातान्त्रिक सरकारको चर बिगार्ने घोषणा

गरिसकेका छन्। विगत दुइवर्षदेखि यसो, यी समूहरूले भूटानभित्र १५ पटक बम बिष्फोटन गरिसकेका छन्। यी बमहरूमा केही बमहरू भूटानको पहिलो प्रजातान्त्रिक निर्वाचनका अवसरमा पड्काईका थिए र यसको उद्देश्य जनतालाई भूटानको पहिलो ऐतिहासिक चुनावमा भागलिनबाट निरूत्साहित गर्नु रहेको थियो। यिनीहरूले भूटानभित्र एउटा आतंकबादी शिविर स्थापना गर्ने प्रयत्न पनि गरेका थिए। यिनीहरूको उद्देश्य प्रजातान्त्रिक सरकारका बिरूद्ध क्रान्ति गर्न जनतालाई अग्रसर गराउनु थियो।

९०. भूटान अहिले देशमा प्रजातन्त्रलाई सुदृढ बनाउने प्रक्रियामा व्यस्त रहेको हुँदा आतंकबादी कार्यकलापबाट यो प्रक्रियामा दखल आएको सहन गर्न सक्तैन। भूटानले भोग्नु परेका गम्भीर सुरक्षात्मक समस्याहरू यिनै हुन्। यो समस्याको समाधान समय रहँदै गरिएन भने यसले पूरै क्षेत्रमा समस्या फैलाउने छ। देशका इतिहासको यो एउटा यस्तो महत्वपूर्ण खड्गोमा आइपुग्दा, भूटानलाई अन्तर्राष्ट्रिय समुदायको पूर्णसहयोग र समझदारीको आवश्यकता परेको छ ताकि आतंकबादीहरूले कुनै पनि हालतमा भूटानी प्रजातन्त्रको सफलतालाई दखल दिन नसकून्।

## ख. उपलब्धिहरू

### अ) एमडीजीको उपलब्धि

९१. एमडीजीप्रति सहमत भएपछि भूटानले विश्वव्यापी दृष्टिकोणका माध्यमबाट, स्वतन्त्रता, समानता, एकता र सहिष्णुता जस्ता मौलिक मूल्यहरूका आधारमा बनिएको एउटा नयाँ शताब्दीको भागीदार हुने निर्णय गरेको थियो। भूटान धेरैजसो एमडीजी प्राप्त गर्ने गोरेंटोबाट पार हुँदैछ।

### आ) गरीबी उन्मूलन र फाइदाजनक नियुक्ति

९२. सन् २००० मा ३६.३ प्रतिशत् गरीबी रहेको भएपनि सन् २००७ मा यसको प्रतिशत् घटेर २३.३ प्रतिशत् भएको थियो। सन् २०१५ सम्ममा गरीबीको प्रतिशत्मा आधा जतिले कमी आउने अनुमान लगाइएको छ। यसले नागरिकको सामाजिक र आर्थिक अधिकारलाई सम्बोधन गर्न एउटा समान मञ्च सृजना गर्दछ। आघातयोग्य ठाउँ, विशेषगरेर गाउँहरूमा खाद्यान्न असुरक्षालाई सम्बोधन गर्न सरकारले परिलक्षित हस्तक्षेपको रूपमा भूटान राष्ट्रिय सुरक्षा रणनीति लगायत घरेलु खाद्यान्न उत्पादनमा वृद्धि ल्याउने परियोजना अन्तर्गत उर्वर कृषि जमीनलाई संरक्षण गर्ने जस्ता अनेकौं कार्यक्रमहरू सञ्चालन गरेको छ।

९३. भूटानले अधिराज्यका असमानुपातिक युवा जनसंख्यालाई फाइदाजनक नोकरी दिलाउने सम्बन्धमा ठूलो चुनौतिको सामना गर्नु पर्दैछ। तर, यो समस्या शहरी क्षेत्रको मात्र हो किनभने ग्रामीण क्षेत्रहरूले निरन्तर रूपमा गम्भीर श्रमिक अभावको सामना गर्नु पर्दैछ। यो समस्यालाई समाधान गर्न सरकारले धेरै धनराशी खर्च गरेर बढी मात्रामा नोकरीका अवसरहरू सृजना गरी कामको तलासमा रहेकाहरूका लागि तालिम उपलब्ध गराउने, इण्टरप्रेनियरशीप पाठ्यक्रममा भागलिन लगाउने र एप्रेण्टिशीप तालिम दिने तथा ग्रामीण क्षेत्रको श्रमिक सम्बन्धी समस्या समाधानका

लागि कृषि मशिनीकरणलाई प्रबर्द्धन गर्ने र कृषि जीवनलाई बढी आकर्षक बनाउने कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

आ) विश्व प्राथमिक शिक्षा र लैङ्गिक समानता

९४. देशमा पहिलो पञ्चवर्षीय योजना १९६० दशकमा सुरू हुँदा प्रथम पटक आधुनिक शिक्षाको सुरूवात भएको थियो। त्यतिबेला देशमा केवल मठीय स्कूल मात्र थिए। सरकारले निरन्तर रूपमा शिक्षामाथि जोड दिंदै आएको छ र दशौं पञ्चवर्षीय योजना कालमा यसले शिक्षा क्षेत्रका लागि नू. ९.५ बिलियन बजेट छुट्याएको छ। सन् १९६० मा ४०० छात्रहरू भएका ११ वटा स्कूलहरू मात्र थिए भने सन् २००८ सम्ममा शिक्षा प्रणालीका साथमा ५६४ वटा स्कूल र शिक्षण संस्थानहरूका साथै १७५,०६१ जना विद्यार्थीहरू र तिनीहरूलाई पढाउने ७६६२ जना अध्यापक र शिक्षक हरू छन्।

९५. अधिराज्यमा प्राथमिक स्कूल नामाङ्कमा ठूलो प्रगति आएको छ भने भूटान विश्व प्राथमिक शिक्षा प्राप्त गर्ने लक्ष्यको सम्बन्धमा अघि बढ्दै छ। दशौं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा झन्नै १०० प्रतिशत् लक्ष्य प्राप्त गर्ने आशा राखिएको छ भने अहिले भूटानको कूल प्राथमिक नामाङ्कन औसत (जीईआर) ११४ प्रतिशत् र एनईआर ९२ प्रतिशत् छ। प्राथमिक स्तरमा पढ्ने बालिका र बालकहरूको अनुपात झन्नै बराबर नै छ भने उच्च शिक्षा स्तरमा पनि यसको अन्तर घट्दै गएको देखिन्छ। कामका लागि उपयुक्त हुने खालको शिक्षा उपलब्ध गराउन सकियोस् भन्नका लागि पाठ्यक्रममा निरन्तर पुनर्मूल्याङ्कन र परिवर्तन गरिंदैछ। यो पाठ्यक्रमलाई देशको आवश्यकता अनुरुप बनाउन खोजिएको छ।

९६. सन् १९७३ देखि भूटानले अधिराज्यका उपयुक्त स्थानहरूमा अपाङ्ग र पठनपाठनमा कमजोर छात्रछात्राहरूका लागि शिक्षा दिन अतिरिक्त प्रयत्न गर्दै आएको छ। दशौं योजना कालमा अरू बढी यस्ता संस्थान र केन्द्रहरूको स्थापना गर्ने योजना रहेको छ।

९७. यस्ता उपलब्धिहरू प्राप्त गरिएका भए तापनि शिक्षा क्षेत्रले ठूलो अड्चन र चुनौतिहरूको सामना गर्नु पर्दैछ। यी चुनौतिहरूमा एकातिर अध्यापकहरूको कमी र माध्यमिक स्तरका स्कूलहरूमा गुणस्तरीय शिक्षा दिने सम्बन्धमा सीमित सरसुविधाहरूको कारण ठूलो दबाबको सामना गर्नुपर्दैछ भने अर्कोतर्फ अपाङ्ग र पढाईमा कम्जोर छात्रछत्राहरूको नामाङ्कनमा वृद्धि र एउटा व्यापक प्रणाली जस्ता कुराहरू पर्दछन्। सरकारले यी सबै चुनौतिहरूको समाधान गर्न भरपूर प्रयत्न गरिरहेको छ।

इ. स्वास्थ्यः बालबालिका र मातृस्वास्थ्य तथा एचआईभी/एड्स

९८. सन् १९६१ मा भूटानले सामाजिक–आर्थिक विकास सुरू गर्दा अधिराज्यमा दुइवटा अस्पताल, ११ वटा डेस्पेन्सरी र केही स्वास्थ्यकर्मीहरू मात्र थिए। आज स्वास्थ्य क्षेत्रले स्वास्थ्य वितरण

प्रणालीमा ठूलो उपलब्धि हासिल गरिसकेको छ। तल दिइएको तालिकाले स्वास्थ्यमा महत्वपूर्ण उपलब्धि प्राप्त गरिएको दर्शाउँछ।

**टेबल १: चयन गरिएका सूचाँकहरू**

| क्र.सं | सूचाँकहरू | बेस्लाइन | चल्ति तथ्याङ्क |
|---|---|---|---|
| १. | जन्मको समयमा जीवन प्रत्याशा | ४५.६ वर्ष (१९८५) | ६६.९ वर्ष (२००९) |
| २. | प्रति १००० बालबालिकाको जन्मपछि मृत्यु | १०२.८ (१९८५) | ४०.१ (२००५) |
| ३. | प्रति १००० जीवित ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर | २११ (१९८४) | ६१.५ (२००५) |
| जन्म | | | |
| ४. | प्रति १००००० जन्ममा मातृ मृत्युदर | ७७० (१९८४) | २५५ (२०००) |
| ५. | शुद्ध पिउने पानीको सुविधा | ५४% (१९८५) | ८२.५% (२००८) |
| ६. | सुरक्षित झाडा-पिसाब सरसफाई प्रबन्ध | ६०% (१९८७) | ९०.८% (२००८) |
| ७. | अस्पतालको संख्या | २७ (१९८६) | ३१ (२००९) |
| ८. | प्राथमिक स्वास्थ्य केन्द्रको संख्या | ६७ (१९८६) | १७८ (२००८) |
| ९. | आउटरिच क्लिनिकको संख्या | ४६ (१९८६) | ५१४ (२००६) |
| १० | विशेषज्ञ र स्वदेशी चिकित्सक लगायत डक्टरहरूको संख्या | १४५ (१९८६) | १७४ (२००९) |
| ११. | नर्सहरूको संख्या | २५२ (१९८६) | ५६७ (२००९) |
| १२. | तकनिकीहरूको संख्या | ११९ (१९८६) | ४२० (२००६) |

*स्रोतः राजकीय भूटान सरकारको स्वास्थ्य मन्त्रालय*

९९. भूटानको स्वास्थ्य रेखदेख प्रणाली स्वास्थ्य प्रबर्द्धन र बिमारहरूको रोकथाम तथा नराम्रो स्वास्थ्यको स्थिति सम्बन्धी प्राथमिक स्वास्थ्य प्रणालीमा आधारित छ र यसले अन्तर्राष्ट्रिय क्षेत्रमा ठूलो प्रशंसा पनि पाएको छ। भूटान सन् १९९१ मा विश्व बालखोप सम्बन्धी लक्ष्य प्राप्त गर्न सफल भएको छ भने कोड र आयोडिनको कमीलाई सन् १९९७ र २००३ बीचमा स्वास्थ्यका लागि यो अब उसो कुनै खतरा रहेन भन्ने घोषणा गरिएको छ। सफलताको अर्को पक्षमा आवश्यक औषधि कार्यक्रम पर्दछ। स्वास्थ्य क्षेत्र अरू सहभागीहरूसित मिलेर सूर्ति-बींडी र खैनी जस्ता सूर्तिबाट उत्पादित बस्तुहरूको बिक्रीमाथिको प्रतिबन्धलाई निरन्तर राख्न प्रतिबद्ध छ।

१००. भूटानमा एचआई/एड्सको उपस्थिति बहुतै कम भएपनि पनि बिगत एकदशक भन्दा बढी समयदेखि यसलाई एउटा भविष्यमा स्वास्थ्यका मानेमा ठूलो खतरा पैदा गर्नसक्ने बिमारको रूपमा परिचित गरिएको छ, साथै सरकारले यो बिमारका बिरूद्धको संघर्षलाई उच्च प्राथमिकता

दिएको छ। एचआईभी/एड्सले भेटेका व्यक्तिहरूलाई निःशुल्क औषधि र परामर्श सेवा उपलब्ध गराइन्छ। साथै, यस्ता व्यक्तिहरूलाई पक्षपात र सामाजिक अवहेलनाबाट जोगाउन नियमितरूपले अभियानहरू सञ्चालन गरिन्छ।

ई. पर्यावरण संरक्षण

१०१. भूटानका कूल भू-भागको ७२.५ प्रतिशत् भागमा बनजँगल छ भने त्यसमध्ये ३० प्रतिशत् बनजँगल सुरक्षित क्षेत्रभित्र पर्दछ। सुदृढ राजनैतिक प्रतिबद्धता, परम्परात्मक मूल्यहरू र यहाँका मानिसहरूले प्रकृतिलाई आदर गर्ने र यहाँको हाम्रो जनसंख्या पनि सारै सानो भएबाट हामीले यसरी बनजँगलको रक्षा गर्न सकेका हौं। तर बढ्दो जनसंख्याको आवश्यकतालाई परिपूर्ति गर्नुपर्ने सम्बन्धमा, पर्यावरण संरक्षण एउटा चुनौतिपूर्ण विषय भएको छ।

उ. दक्षेस विकास लक्ष्यमाथिका उपलब्धिहरू

१०२. सन् २००७-२०१२ को दक्षेस विकास लक्ष्य (एसडीजी) ले एमडीजीको तुलनामा बढी उपलब्धि हासिल गर्ने क्षेत्रका मानिसहरूको अभिलाषालाई प्रतिबिम्बित गर्दछ। एसडीजीले गरीबी उन्मूलन, शिक्षा र स्वास्थ्य तथा पर्यावरण जस्ता जम्मा २२ वटा प्राथमिक लक्ष्यहरूको पहिचान गरेको छ। यीमध्ये आठवटा जीविकासँग र चारवटा स्वास्थ्यसँग तथा चारवटा शिक्षा र पर्यावरणसँग सम्बन्धित लक्ष्यहरू छन्। यी सम्पूर्ण क्षेत्रहरूमा भूटानले महत्वपूर्ण फड्का मारिसकेको छ।

ऊ. सञ्चार माध्यमको विकास

१०३. "कुनै पनि भूटानी नागरिकले वाक्, विचार र अभिव्यक्तिको स्वतन्त्रता पाउने अधिकार राख्तछ भने भूटानमा प्रेस, रेडियो र टेलिभिजन लगायत इलेक्ट्रोनिक मिडिया सूचना प्रवाहका लागि स्वतन्त्र छन्" संबिधानमा उल्लेख गरिएको छ। स्पन्दनशील प्रजातन्त्रका लागि स्वतन्त्र सञ्चार माध्यम हुनु अति आवश्यक रहेको विश्वास सरकारले गरेको छ।

१०४. सन् २००९ को मई महिनामा दैनिक बनाइएको राष्ट्रिय समाचार पत्र, "क्युनसेल" का अतिरिक्त सन् २००६ देखि अरू दुइवटा नीजि समाचार पत्रहरू निस्कन थालेका छन्। त्यसपछि सन् २००८ देखि अर्को पनि एउटा दैनिक समाचार पत्र सुरू भएको छ। टीभी च्यानल र रेडियो प्रसारण केन्द्र भएको भूटान प्रसारण सेवाका अतिरिक्त, अरू तीनवटा एफएम रेडियो स्टेसनहरूको थालनी गरिएको छ। क्रमशः सन् २००६, २००७ र २००८ मा स्थापित यी केन्द्रहरूले थिम्फू लगायत अरू केही जिल्लाहरूमा समाचार प्रवाहित गर्दछन्। एउटा निजी टेलिभिजन केन्द्रको स्थापना सम्बन्धी काम सकमरो अवस्थामा पुगेको छ। भूटानमा सञ्चारले एउटा स्पन्दनशील सञ्चार माध्यमको रूपमा काम गरेर देशको चौथो अङ्गका रूपमा भूमिका निर्बाह गर्दैछ।

१०५. सन् १९९९ देखि नै भूटानमा इण्टरनेट र सेटलाइट टीभी पनि उपलब्ध छन्। विदेशमा प्रकाशित धेरै समाचारपत्र र पत्रिकाहरू भूटानमा सदा उपलब्ध रहेका छन्।

## ए. सबैभन्दा राम्रा अभ्यासहरू

### क) निःशुल्क स्वास्थ्य सेवा

१०६. भूटानमा सँधै नै निःशुल्क रूपमा स्वास्थ्य सेवा उपलब्ध गराइँदै आइएको छ। संबिधानमा यो प्रतिबद्धतालाई समाविष्ट गरिएको हुँदा, यो प्रणाली अझै सुदृढ भएको छ। रोगीहरूको उपचार देशभित्र हुन सकेन र उनीहरूलाई देश बाहिर पठाउनु पर्‍यो भने सरकारले यस्ता रोगीको उपचारमा लागेको सम्पूर्ण खर्च, यात्रा खर्च र खानपान र बसाई खर्चका साथै उसको रेखदेख गर्ने व्यक्तिको खर्चसमेत बिहोर्ने गरेको छ। बिमारीलाई देश बाहिर उपचारका लागि पठाउँदा लोकसेवामा उसको कुनै सम्बन्धित छ भने उसलाई एक महिनासम्म बेतन दिएर बिमारीको हेरचाहमा जान दिने प्रावधान राखिएको छ। स्वास्थ्यकर्मीहरूले समयसमयमा धार्मिक संस्थान, स्कूल र जेलहरूको भ्रमण गरेर त्यहाँ भएका मानिसहरूको स्वास्थ्य परिक्षण गर्ने र उनीहरूले सोधेका स्वास्थ्य सम्बन्धी विषयमा जानकारी दिने गर्दछन्।

१०७ स्वास्थ्य नीतिमा नानीको जन्म अस्पताल मै हुनुपर्ने विषयमा जोड दिइएको छ। नानीलाई कुनै हालतमा पनि चार महिनासम्म आमाको दूध चुसाउनै पर्ने प्रावधान राखिएको छ। स्वास्थ्य रेखदेखका अरू उपयुक्त अभ्यासहरूमा ग्रामीण स्वास्थ्य रेखदेखकर्ताहरू आउँछन्। उनीहरूले भूटानमा स्वास्थ्य रेखदेख सेवालाई समुदायसम्म पुर्‍याउने गरेका छन्। ग्रामीण स्वास्थ्य रेखदेखकर्ताहरू गाउँकै व्यक्तिहरू हुन्छन्। उनीहरूले सरसफाई, परिवार नियोजन र बालक प्रसवपूर्वको सेवामा स्वास्थ्य रेखदेखकर्ताहरूलाई सहयोग दिने गर्दछन्। यिनीहरूले स्वास्थ्य कार्यकर्तालाई सागसब्जी उब्जाउ, मातृ तथा बाल स्वास्थ्य शिबिर, खोप र परिवार नियोजन जस्ता कार्यक्रममा पनि सहयोग उपलब्ध गराउँछन्।

१०८. भूटानमा स्वास्थ्य रेखदेख सेवा लामो समयसम्म चलिरहोस् भन्नका लागि सन् २००४ मा भूटान हेल्थ ट्रष्ट फण्डको स्थापना गरिएको छ। यसका लागि सरकारले अमेरिकी डलर २४ मिलियन धनराशी उपलब्ध गराउने र दाताहरूबाट पनि त्यति नै धनराशी एकत्र गर्नुपर्ने लक्ष्य राखिएको यो संरक्षित कोषले भूटानका भावीपींडीहरूको स्वास्थ्य र कल्याण निश्चित गर्नुपर्ने लक्ष्य राखेको छ।

### ख) निःशुल्क शिक्षा

१०९. सरकारले सम्पूर्ण नानीहरूलाई पूर्व प्राथमिकदेखि लिएर कक्षा दशसम्म निःशुल्क शिक्षा दिंदै आएको छ। यसले शिक्षाका अतिरिक्त, खाता-किताब, पेन्सिल र पुस्तकका साथै खेल सामग्री, रहने-सुत्ने सुविधा जस्ता कुराहरू पनि आवश्यकताका आधारमा निःशुल्करूपले उपलब्ध गराउने गरेको छ। एकघण्टासम्म पैदल हिंड्दा स्कूल पुगून् भन्ने ध्येयले सरकारले स्थानीयरूपले उपलब्ध सरसामानहरूलाई प्रयोगमा ल्याएर समुदायको सहयोगमा सामुदायिक स्कूलहरूको स्थापना गरिदिएको छ। स्थानीय रूपले उपलब्ध नभएका सरसामानहरू सरकारले सहायताको रूपमा उपलब्ध गराउँछ। छात्रछात्राहरू पर्याप्त छैनन् भने त्यस्ता ठाउँमा सरकारले समुदायको

नजिकै कुनै पनि स्कूल शाखाको रूपमा विस्तारित कक्षको स्थापना गरिदिएको छ। भूटान पहाडै–पहाड र टा–टाडा बस्तिहरू भएको देश भएको सन्दर्भमा, हिंडेर पुग्ने दूरीमा स्कूलहरूको स्थापना गर्न सँधै सम्भव हुँदैन। त्यसकारण, स्कूलहरूमा नानीहरूको प्रवेश दर बढाउन निःशुल्क छात्रावास र खानपान सम्बन्धी सुविधा दिनु एउटा मुख्य प्रलोभन रहेकोछ। विशेषगरेर यो सुविधा कठिन र सुदूरवर्ति इलाकाका छात्राहरूका लागि अझै महत्वपूर्ण छ।

ग) किदू (कल्याण) प्रणाली

११०. आर्थिकरूपले पिछडिएका, गरीब, बूढापाका र अपाङ्ग, भूमिहीन कृषक र छात्रहरू जस्ता सहयोगको खाँचो पर्ने व्यक्तिहरूलाई उनीहरूको जीवनमा सुधार ल्याउने स्पष्ट लक्ष्यले महाराजा–हरूबाट किदु प्रणाली स्थापित गरिबक्सिएको हो। श्रीपाँचले यो प्रणालीको सामाजिक–आर्थिक भूमिका पहिचान गरेर देशव्यापी भ्रमण गरी जनतालाई किदू दिइबक्सन्छ। किदूको आवश्यकता परेका व्यक्तिहरूको पहिचान गर्न श्रीपाँचबाट ब्लक र गाउँस्तरमा कर्मचारीहरू नियुक्त गरिबक्सिएको छ। प्रणालीको प्रभावकारिता र वितरणको रेखदेखका लागि तीनवटा क्षेत्रीय कार्यालयहरू स्थापना गरिएका छन्। सन् २००८ सम्ममा ३००० भन्दा बढी परिवारहरू यो प्रणालीबाट लाभान्वित भइसकेका छन्।

**घ) अनौपचारिक शिक्षा (एनएफई) र निरन्तर शिक्षा प्रणाली**

१११. सन् १९९० को दशकमा असाक्षरतालाई उन्मूलन गर्ने ध्येय राखेर अनौपचारिक शिक्षा प्रणाली स्थापना गरिएको थियो। अहिले यो कार्यक्रम अन्तर्गत ७५६ जना शिक्षकले ६८८ वटा एनएफई केन्द्रहरूमा जम्मा १३,१६० जनालाई पढाउने काम गर्दैछन्। विशेषगरेर, ग्रामीण क्षेत्रका महिलाहरूमा यो कार्यक्रमले सकारात्मक भूमिका खेल्दैछ। यसरी शिक्षा लिनेहरूमा दुई–तिहाई भाग महिलाहरूको छ। कार्यक्रमको माध्यमबाट उनीहरूले लेख्न र पढ्न जान्नुका साथै विकासकीय कार्य र प्रजातान्त्रीकरणमा प्रभावकारी रूपले भाग लिंदैछन्। अहिले देशको साक्षरता प्रतिशत् ५९.५ पुगेको छ भने दशौं पञ्चवर्षीय योजनासम्ममा यसलाई ७० प्रतिशत् बनाउने लक्ष्य राखिएको छ।

११२. माध्यमिक तहको शिक्षा पूरा नगरेका वयस्कहरूलाई निरन्तर शिक्षा प्रणालीले फाइदा पुऱ्याउँदै छ। यो कार्यक्रमको माध्यमबाट उनीहरूले आफ्नो ज्ञानलाई अद्यावधिक बनाउँदै छन्। यो कार्यक्रम लोकप्रिय हुँदै गरेको परिप्रेक्ष्यमा, बढ्दो मागलाई ध्यानमा राखेर दशौं पञ्चवर्षीय योजना कालमा यसलाई अझै बढाउनु पर्ने योजना बनाइंदैछ।

११३. यी दुइवटै कार्यक्रमहरूलाई सन् २००९ को सितम्बर महिनामा पेरिसमा साक्षरताका लागि युनेस्कोको कन्फ्युसियस प्राइज "अनरेबल मेन्सन" का लागि नामाङ्कन गरिएको छ। यिनीहरूले बयस्कका साथै स्कूल बाहिरका युवायुवति, विशेषगरेर महिला र बालबालिकामाथिको शिक्षामा जोड दिंदै आएका छन्।

७. मुख्य राष्ट्रिय प्राथमिकताहरू, प्रतिबद्धता र सुरुवातहरू

**क राष्ट्रिय प्राथमिकताहरू**

११४. युवा अवस्थामा रहेको भूटानी प्रजातन्त्रको हस्तान्तरण राम्रोसँगले होस् भन्ने कुरो ध्यानमा राखे र अहिलेको सरकारले प्रजातान्त्रिक संस्कृतिको विकास र निरन्तरताका लागि विभिन्न कदमहरू चाल्दैछ। प्रजातन्त्रले राम्ररी काम गर्नका लागि आवश्यक विभिन्न संस्थान र यान्त्रिकीहरूका लागि पूर्णसहायता दिंदै आएको छ। उदाहरणका लागि, सरकारका अरू दुइवटा अङ्गका रूपमा रहेका विभिन्न संबिधानात्मक निकाय र सञ्चार माध्यमले अटूट समर्थन पाएका छन्। सञ्चार माध्यमले प्रगति र निरन्तर रूपमा काम गर्न सकून् भन्ने ध्येयले उनीहरूलाई वित्तीय अनुदान जस्ता पुनर्नवीकृत विश्वास दिलाउने काम अनेकौं पटक गरिंदै ल्याइएको छ। यसका अतिरिक्त, श्रीपाँचबाट पनि सञ्चार माध्यमले स्वतन्त्रता र निर्भिक रूपमा काम गर्नसकून् भन्ने धारणा राखेर तिनीहरूलाई सुदृढ बनाउने व्यक्तिगत प्रतिबद्धता जाहेर गरिबक्सिएको छ।

११५. समानुपातिक ढंगले सामाजिक–आर्थिक विकास गर्न सरकारले आफ्नो १०औं पञ्चवर्षीय योजनाको महत्वपूर्ण लक्ष्यका रूपमा गरीबी उन्मूलनलाई लिएको छ। विषयात्मक रूपले हेर्ने हो भने गरीबी कम गर्नका लागि पाँचवटा रणनीतिहरू तयार गरिएका छन्। यी रणनीतिमा उद्योगलाई प्रोत्साहन दिने, राष्ट्रिय रूपले व्यापक योजना तयार गर्ने, गरीबी उन्मूलनका लागि ग्रामीण र शहरी विकासलाई सँगसँगै चलाउने, रणनैतिक पूर्वाधारहरूलाई विस्तार गर्ने र मानवस्रोत विकासमा पूँजी लगाउने जस्ता विषयहरू सामेल छन्। गरीबीले गाउँ क्षेत्रमा मात्र सताएको भएपनि रणनीतिले ग्रामीण र शहरी दुवै क्षेत्रको पारस्परिक फाइदालाई ध्यानमा राखेर काम गर्नेछ।

११६. दशौं पञ्चवर्षीय योजनाले कूल बजेटको लगभग २५ प्रतिशत् भाग सामाजिक क्षेत्रका लागि छुट्याएको छ। यो क्षेत्रको मुख्य उद्देश्य राष्ट्रियरूपले प्राथमिकता प्राप्त विषयहरूमा गरीबी, असाक्षरता, स्कूल नामाङ्कन, मातृस्वास्थ्य र विशेषगरेर ग्रामीण क्षेत्रमा सेवाहरूको सुगमता जस्ता विषयहरू पर्दछन्। भूटानले सबैलाई सुरक्षित पिउने पानी उपलब्ध गराउने विषयलाई विशेष प्राथमिकता दिएको छ।

११७. भ्रष्टाचार नियन्त्रण आयोग र राजकीय अडिट अधिकृतले सम्पूर्ण प्रशासनमाथि सन्तुलन कायम गर्दै क्षमता र पारदर्शिताका साथै दायित्वलाई बढाउन सघाउने छन्।

११८. अर्को राष्ट्रिय प्राथमिकतामा युवाहरूको बेकारीपन पर्दछ।

**ख) प्रतिबद्धताहरू**

भूटानले विश्व संस्थाका मानव अधिकार सम्बन्धी कार्यक्रमहरूमा सक्रियताका साथ भाग लिने प्रतिज्ञा गरेको छ। यसबाट भूटानले अन्तर्राष्ट्रियस्तरका उत्कृष्ट अभ्यासहरूबाट सिक्ने र तिनीहरूलाई घरेलू नीति र कानूनहरूमा गाभ्ने लक्ष्य लिएको छ।

१२०. सीएसओको सन्निकट सम्पर्कमा काम गर्दा स्पष्टरूपले फाइदा हुन्छ भन्ने ज्ञान भएको हुँदा, कार्यक्रमका निर्धारित लक्ष्यहरू सुचारूरूपले उपलब्ध हुन् भनी भूटान सीएसओका साथमा अरू बढी सम्बन्ध विकास गर्ने पक्षमा छ।

१२१. सरकार घरेलु हिंसालाई निराकरण गर्न वचनबद्ध छ।

१२२. भविष्यमा चाँडै नै सदस्यता लिने विचारले भूटानले यो वर्षको जून महिनामा अन्तर्राष्ट्रिय श्रमिक संगठन (आईएलओ) मा एउटा पर्यवेक्षकको हैसियतले भाग लिएको थियो।

१२३. अहिले सरकार मानव अधिकारसँग सम्बन्धित अरू कागजातहरूको अध्ययनमा जुटेको छ। सँधै नै सरकारको दृष्टिकोण के रहेको छ भने कुनै पनि अन्तर्राष्ट्रिय सम्झौतामा हस्ताक्षर गर्नु पहिले देशमा आवश्यक सामाजिक र राजनैतिक संस्थान स्थापना गरिनुपर्छ र त्यसपछि देशमा मावनस्रोत विकास गरिनु पर्छ। दरिलो संस्थान र अध्ययन गरेका व्यक्तिहरूको अभाव रहेको हुँदा, सरकारले अन्तर्राष्ट्रिय सम्झौता र सम्मेलनमा वर्णन गरिएका आवश्यकताहरू पूरा गर्न नसकी गम्भीर समस्याहरूको सामना गर्नु परेको छ। भूटानले आफ्नो क्षमतामा वृद्धि ल्याएपछि, निकट भविष्यमा यसले मानव अधिकारका अरू अन्तर्राष्ट्रिय अभिलेखहरूलाई अनुमोदन गर्नेछ।

**ग) सुरू गरिएका कार्यहरू**

क) महिला तथा बालबालिका सुरक्षा इकाई (डब्लूसीपीयू)

१२४. सन् २००७ को मई महिनामा पहिलो पटक राजधानीमा डब्लूसीपीयू इकाईको स्थापना गरिएको थियो। स्थापनाका समयमा यसमा जम्मा २० जना कर्मचारीहरू थिए। स्थापनादेखि यसो यसले बढ्दो रूपमा मुद्दाहरूको समाधान गर्दैछ। सन् २०१३ सम्ममा अरू ठुला शहरूमा जम्मा चारवटा डब्लूसीपीयूहरू स्थापना गर्ने योजना छ। डब्लूसीपीयू बालबालिका र महिलाप्रतिको अत्याचार, विशेषगरेर घरेलू झगडामा परेका महिला र बालबालिकाप्रति शीघ्र र सम्वेदनशील प्रतिक्रिया जाहेर गर्न प्रभावकारी रहेको छ।

१२५. पुलिसका नियमहरू बालबालिकाप्रति मैत्रीपूर्ण हुनुपर्ने र छानवीन र शिकायत प्राप्त गर्दा छिटो–छरितो र सम्बेदनशील हुनुपर्ने कुरामाथि डब्लूसीपीयू केन्द्रित रहेर आएको छ। यो उद्देश्यका लागि राजधानीमा तीनवटा मोबायल भ्यानहरू नियुक्त गरिएका छन्। भविष्यमा अरू शहरहरूमा पनि यस्तो व्यवस्था स्थापित गरिने छ। व्यावसायिक एवं सामाजिक कार्यकर्ताहरूको अभाव

रहेको हुँदा डब्लूसीपीयूका पुलिस अधिकारीहरूले कानून सम्बन्धी झगडामा परेका बालबालिकाहरूलाई सरसल्लाह र परामर्श दिने गर्दछन्। परिवार र बालबालिकाबीचको झगडामा यिनीहरूले आपसमा मेलमिलाप गराउन चेष्टा गर्दछन्। डब्लूसीपीयू र एनसीडब्लूसीले परिवार सम्मेलन अथवा समूह सम्मेलनको सञ्चालन गरेर शिकार हुने व्यक्ति र कानून तोड्ने व्यक्ति दुवैलाई भेला गरी बालबालिका र महिलाको चाहना मुताबिक मुद्दा मिलाउँछन्।

ख) सीएसओका कार्यहरू

१२६. वाईडीएफ, तारायाना फाउण्डेशन, रिन्यू र राष्ट्रिय महिला संगठन जस्ता सीएसओहरूले अपाङ्ग, बाल अपराधी र नशाखोरी, स्कूल छोड्नेहरू र आर्थिकरूपले कम्जोर व्यक्तिहरूको कल्याणको निम्ति महत्वपूर्ण भूमिका निभाएका छन्। आर्थिक सहायताको माध्यमद्वारा जनचेतना तथा क्षमता बढाउने, शीपहरू सिकाउने एवं आर्थिकरूपमा कम्जोर व्यक्तिहरूलाई सशक्तीकृत र उत्थान गराउने विषयमा पनि यिनीहरूको भूमिका अति आवश्यक सिद्ध भएको छ। सरकारले पूर्ण गर्न नसकेका कामहरू सीएसओहरूले पूरा गर्दै आएका छन्। त्यसकारण, यिनीहरूको भूमिका अकाट्य रहेछ भन्ने महसुस सरकारले गरेको छ र सरकार सीएसओहरूका साथमा मिलेर काम गर्न प्रतिबद्ध छ।

ग) फोरेन्सिक औषधि इकाई (एफएमयू)

१२७. न्यायलाई समर्थन गर्नका लागि बैज्ञानिक प्रमाणहरू महत्वपूर्ण हतियार हुने तथ्यलाई बुझेर सन् २००५ को जनवरी महिनामा सरकारले जिग्मे दोर्जी राष्ट्रिय रिफेरल अस्पतालमा एफएमयूको स्थापना गरेको छ। यो इकाईमा पिडीतको जाँचपडताल र कागजपत्रको परीक्षण गर्न जान्ने अन्तर्राष्ट्रिय स्तरमा राम्रो अभ्यास गरेका विशेषज्ञहरू छन्। साथै यसमा अरू किसिमका निर्दयता, अमानवीयता अथवा तल्लो किसिमको व्यवहार र दण्डको पनि परीक्षण गरिन्छ। एफएमयूले मानव अधिकारका सम्बन्धमा सरसल्लाह तथा अरू भागीदारहरूलाई फोरेन्सिक प्रमाणको एकता र दस्ताबेजहरूको संरक्षणको लागि फोरेन्सिक मुद्दाहरूको प्रभावकारी प्रबन्ध गर्न तालिम उपलब्ध गराउँछ।

सरकारले पाँचौं पञ्चवर्षीय योजना कालमा पूर्ण सरसुविधाहरू भएको एउटा राष्ट्रिय फोरेन्सिक बिज्ञान प्रयोगशालाको स्थापना गर्ने योजना पनि बनाएको छ। यस्तो प्रकारको सुविधाले फोरेन्सिक सेवा, तालिम तथा मानव अधिकार उल्लंघनलगायत समसामयिक फोरेन्सिक समस्याहरूको समाधान गर्न र प्रशासन प्रणालीलाई उचित र उपयुक्त बनाउन सेवाहरू प्रदान गराउने छ।

## ज. क्षमता निर्माण र तकनिकी सहायता सम्बन्धी निवेदन

- अन्तर्राष्ट्रिय सम्झौता सम्बन्धी दायित्व पूरागर्ने सम्बन्धमा क्षमता निर्माण गर्न अरू अघि तकनिकी सहायता
- अन्तर्राष्ट्रिय मानव अधिकार मञ्चमा व्यक्तिगत र संस्थात्मक क्षमतालाई दरिलो बनाउन तकनिकी सहायता र सहयोग

- लिङ्ग विकास क्षमता, महिला सशक्तीकरण र बालबालिका संरक्षणका लागि तकनिकी सहायता

## ९. निस्कर्ष

१२८ राजकीय सरकार आफ्ना जनताका सम्पूर्ण प्रकारका मानव अधिकारहरूलाई अरू अघि संरक्षण र प्रबर्द्धन गर्ने कुरामा गम्भीर रूपले प्रतिबद्ध छ। प्रजातान्त्रिक सरकारको प्रणालीलाई सफल बनाउन पनि सरकार उत्तिकै प्रतिबद्ध छ। कुनै हालतमा पनि संबिधानको रक्षा गरिनै पर्दछ। तर यो सरकार देशको भूपरिवेष्ठित स्थिति, अल्प विकसितता, आकारमा सानोपन र सन्सारमा द्रुत गतिले आउँदै गरेका परिवर्तनका कारण देशले सामना गर्नुपर्ने चुनौतिहरूका विषयमा अज्ञात छैन। मानव अधिकारको संरक्षणका लागि अन्तर्राष्ट्रिय समुदायले निरन्तर रूपमा उपलब्ध गराएको प्रयासको सराहना गर्दै यो सरकार अरू अघि पनि यस्ता प्रकारका सहयोग र समर्थन प्राप्त भइरहने आशा गर्दछ भने अर्कातिर यो सरकार जतिसक्तो योगदान उपलब्ध गराउने वचन पनि दिन्छ। अन्तिममा, राजकीय सरकार सम्पूर्ण प्रकारका मानव अधिकारहरूको रक्षा नगरिकन कूल राष्ट्रिय खुशियाली प्राप्त हुन सक्तैन भन्ने विश्वास राख्तछ।

## अनुक्रमणिका १

## तयारी समितिका सदस्यहरू

| | नाउँ | ओहदा/संस्थान |
|---|---|---|
| १. | डाशो कर्मा टी. नाम्गेल | गृह तथा संस्कृति मन्त्रालय अन्तर्गत कानून व्यवस्था ब्यूरोका निदेशक |
| २. | डा. रिन्छेन छोफेल | महिला तथा बालबालिकाका लागि राष्ट्रिय आयोगका कार्यकारी निदेशक |
| ३. | डाशो जाङचुक नर्वु | राजकीय न्यायालय अन्तर्गत थिम्फू जिल्ला न्यायालयका न्यायाधीश |
| ४. | डाशो दाम्छो दोर्जी | राष्ट्रिय संसद, मानव अधिकार समितिका अध्यक्ष |
| ५. | श्रीपेमा वाङडा | श्रम तथा मानवस्रोत मन्त्रालयका महानिदेशक |
| ६. | डा. पाकिला डुक्पा | जिग्मे दोर्जी वाङचुक रिफेरल अस्पतालमा फोरेन्सिक विशेषज्ञ |
| ७. | श्रीठिन्ले रिन्जीन | शिक्षा मन्त्रालयमा नीति नियोजन प्रमुख |
| ८. | श्रीङितोब पेमा नोर्वु | कूल राष्ट्रिय खुशियाली आयोगमा योजना अधिकारी |
| ९. | डा. मिनाक्षी राई | रिन्यू |
| १०. | सुश्री रोसलीन गुरूङ | तारायाना फाउण्डेसन |
| ११. | सुश्री गामा नाम्गेल | युवा विकास कोषमा कार्यक्रम अधिकारी |
| १२. | सुश्री याङचेन पेल्डोन | भूटान राष्ट्रिय महिला संगठन |
| १३. | श्रीठिन्ले दोर्जी | विदेश मन्त्रालय अन्तर्गत नीति एवं नियोजन डिभीजनका निदेशक |
| १४. | श्रीसोनाम तोब्गे | विदेश मन्त्रालय अन्तर्गत नीति नियोजन डिभीजन प्रमुख |
| १५. | श्रीमती रिन्छेन डेमा | विदेश मन्त्रालयमा बैधानिक अधिकारी |
| १६. | श्रीकिन्जाङ दोर्जी सी | विदेश मन्त्रालय अन्तर्गत नीति नियोजन डिभीजनका डेस्क अफिसर |

## अनुक्रमणिका २

### संक्षिप्तरूप

| | | |
|---|---|---|
| १. | बीएचटीएफ | भूटान ट्रष्ट फण्ड |
| २. | सीसीपीसी | भूटान नागरिक एवं आपराधिक प्रक्रिया संहिता |
| ३. | सीईडीएडब्लू | महिलाका बिरूद्ध हुने सबै प्रकारका पक्षपातहरू निर्मूल बनाउने सम्मेलन |
| ४. | सीएचआर | मानव अधिकार आयोग |
| ५. | सीआरसी | बाल अधिकार सम्मेलन |
| ६. | डीपीटी | डुक फ्युन्सुम छोग्पा |
| ७. | सीएसओ | नागरिक समाज संगठन |
| ८. | एफवाईपी | पञ्चवर्षीय योजना |
| ९. | जीईआर | कूल प्रवेशदर |
| १०. | जीएनएच | कूल राष्ट्रिय खुशियाली |
| ११. | एचआरसी | मानव अधिकार आयोग |
| १२. | आईसीआरसी | रेड क्रसका आगि अन्तर्राष्ट्रिय समिति |
| १३. | आईसीटी | सूचना एवं सञ्चार प्रविधि |
| १४. | आईएलओ | अन्तर्राष्ट्रिय श्रम संगठन |
| १५. | एमडीजी | सहस्राब्धी विकास लक्ष्य |
| १६. | एमएफए | विदेश मन्त्रालय |
| १७. | एनसीडब्लूसी | महिला र बालबालिकाका लगि राष्ट्रिय आयोग |
| १८. | एनईआर | कूल प्रवेश औसत |
| १९. | एनएफई | अनौपचारिक शिक्षा |
| २०. | ओएचसीएचआर | मानव अधिकारका लागि उच्चायुक्तको कार्यालय |
| २१. | पीसी | तयारी समिति |
| २२. | पीडीपी | पिपल्स डेमोक्रेटिक पाटी |
| २३. | पीएचसीबी | भूटानको आवास एवं जनगणना |
| २४. | आरबीपी | राजकीय भूटान पुलिस |
| २५. | रिन्यू | आदर, शिक्षा, प्रकृति र महिला सशक्तीकरण |

| | | |
|---|---|---|
| २६. | एसएएआरसी | दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन |
| २७. | एसडीजी | दक्षेस विकास लक्ष्य |
| २८. | युनिसेफ | संयुक्त राष्ट्रिय बालकोष |
| २९. | यूपीआर | विश्वव्यापी प्रारम्भिक मूल्याङ्कन |
| ३०. | भीएडब्लू | महिला बिरूद्ध हिंसा |
| ३१. | भीएचडब्लू | ग्रामीण स्वास्थ्य कार्यकर्ता |
| ३२. | डब्लूसीपीयू | महिला एवं बालबालिका संरक्षण इकाई |
| ३३. | डब्लूजीएडी | जथाभावी नजरबन्दमाथि कार्यकारी समूह |
| ३४. | वाईडीएफ | युवा विकास कोष |